मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारितामा सञ्चारमन्त्रीको जोड

समाचार पृष्ठ ५ मा



वर्ष ४ • अंक १६९ • २०८३ साल वैशाख २५ गते शुक्रबार • Friday 08, May 2026 • सूर्योदय: बिहान ०५:२३ बजे • सूर्यास्त: साँझ ०६:४१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# खेतीको मुख्य सिजनमै मधेशका किसान मलकालागि चिन्तित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
खेतीपातीको मुख्य सिजन सुरु भएसँगै मधेश प्रदेशका किसान फेरि रासायनिक मलको अभावसँग जुध्न बाध्य भएका छन्। मकै, चैते धान तथा उखु खेतीका लागि अत्यावश्यक डीएपी र युरिया मल समयमा नपाउँदा किसानहरूमा निराशा र आक्रोश दुवै बढेको छ।

हरेक वर्ष दोहोरिने मल संकट यसपालि पनि समाधान हुन नसक्दा कृषि उत्पादनमै नकारात्मक असर पर्ने चिन्ता किसानहरूले व्यक्त गरेका छन्। देशकै प्रमुख अन्न उत्पादन क्षेत्र मानिने मधेशमा मल अभावका कारण खेती प्रणाली नै प्रभावित हुने अवस्था देखिएको छ।

धान, गहुँ, मकै, उखु तथा तरकारी उत्पादनमा महत्वपूर्ण योगदान दिने मधेश प्रदेशका किसानहरू खेतीका लागि आवश्यक मल, सिँचाइ र गुणस्तरीय बीउ सहज रूपमा उपलब्ध नहुँदा उत्पादन घट्दै गएको बताउँछन्।

धनुषाका किसान रामप्रसाद साहका अनुसार सरकारले कृषिलाई प्राथमिकता दिएको दाबी गरे पनि व्यवहारमा किसानले आवश्यक सहयोग पाउन सकेका छैनन्। खेती गर्ने मुख्य समयमा मलका लागि लाइन बस्नुपर्ने अवस्था आउँदा लगानी नै जोखिममा पर्ने उनले बताए।

अहिले मधेशका अधिकांश किसान मकै बालीमा मल हाल्ने तयारीमा छन् भने केही सातामै धान रोपाइँ सुरु हुने अवस्था छ। तर, सरकारी अनुदानको मल पर्याप्त नआएपछि किसानहरू निजी बजारको भर पर्न बाध्य भएका छन्। निजी बजारमा समेत मल सहज रूपमा नपाइने र पाइए पनि अत्यधिक मूल्य तिर्नुपर्ने गुनासो किसानहरूको छ।

सर्लाहीको नवलपुरका किसान अशोक झाले सरकारी बिक्री केन्द्रमा मल अभाव भएपछि निजी व्यापारीहरूले मनपरी मूल्य असुल्न थालेको बताए। उनका अनुसार उखु रोप्ने समय भइसक्दा पनि किसानले सहज रूपमा मल पाउन सकेका छैनन्। धनुषाको नगराइन नगरपालिकाका किसान ज्योतिष चन्द्र झाले विगतमा सीमावर्ती भारतीय बजारबाट मल ल्याएर केही राहत मिल्ने गरेको भए पनि अहिले सीमा क्षेत्रमा कडाइ बढेपछि समस्या झन् गम्भीर बनेको बताए।

कृषकहरूका अनुसार रासायनिक मल प्रयोग भइरहेका खेतमा समयमा मल नहाल्दा उत्पादनमा ठूलो गिरावट आउने गर्छ। विशेषगरी धान, गहुँ र मकैजस्ता बालीमा मलको मात्रा कम हुँदा उत्पादन आधासम्म घट्न सक्ने उनीहरूको भनाइ छ।

यता सरकारी निकायले भने मागअनुसार मल आपूर्ति हुन नसक्दा समस्या देखिएको स्वीकार गरेका छन्। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेशका बाली विकास अधिकृत रविन बस्नेतले संघीय तहबाट हुने खरिद प्रक्रिया ढिलो हुँदा प्रदेशमा पर्याप्त मल उपलब्ध गराउन कठिन भएको बताए।

उनका अनुसार प्रदेश सरकारले सिधै मल खरिद गर्ने अधिकार नभएकाले साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीमार्फत आपूर्ति बढाउन समन्वय भइरहेको छ। बाह्य बजारबाट पनि तत्काल ठूलो परिमाणमा मल आउने सम्भावना कम रहेको जानकारी प्राप्त भएको उनले बताए।

सरकारले वैकल्पिक रूपमा जैविक मल र अन्य पोषण व्यवस्थापनतर्फ किसानलाई प्रोत्साहन गर्ने तयारी गरेको भए पनि किसानहरूले तत्काल खेती जोगाउन रासायनिक मल नै आवश्यक रहेको बताएका छन्। कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश वीरगंजका सूचना अधिकारी दिनेश शर्माका अनुसार नेपाललाई वार्षिक रूपमा करिब १७ देखि १८ लाख मेट्रिक टन रासायनिक मल आवश्यक पर्छ। तर, सरकारले ३ देखि ४ लाख मेट्रिक टन मात्रै आयात गर्न सकेकाले हरेक वर्ष अभाव दोहोरिने गरेको उनले बताए।

उनले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि, ढुवानी खर्च र खरिद प्रक्रियामा हुने ढिलाइले पनि मल आपूर्ति प्रभावित भएको बताए। यस वर्ष युरिया केही परिमाणमा भित्रिएकाले यसको समस्या केही कम हुन सक्ने अनुमान गरिएको भए पनि डीएपीको अभाव भने अझै चर्किने सम्भावना रहेको उनको भनाइ छ।

कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय जनकपुरधामको तथ्याङ्कअनुसार हाल युरिया, डीएपी, पोटास तथा अन्य मल गरी ४२ हजार मेट्रिक टनभन्दा बढी मौज्दात रहेको जनाइएको छ। तर, किसानहरूले प्रदेशको वास्तविक मागको तुलनामा यो परिमाण अत्यन्त न्यून भएको बताएका छन्।

कृषि क्षेत्रका जानकारहरूका अनुसार मल संकटले उत्पादन घटेमा त्यसको प्रत्यक्ष असर खाद्य सुरक्षामा पर्नेछ। मधेश प्रदेशबाट उत्पादन हुने धान, गहुँ र तरकारीले देशको ठूलो जनसंख्याको आवश्यकता पूरा गर्ने भएकाले यहाँको कृषि संकट राष्ट्रिय अर्थतन्त्रसँग समेत जोडिएको उनीहरूको भनाइ छ।

विशेषज्ञहरूले दीर्घकालीन रूपमा रासायनिक मलमा निर्भरता घटाउँदै जैविक खेती, कम्पोस्ट मल र आधुनिक कृषि प्रविधिलाई प्राथमिकता दिनुपर्ने सुझाव दिएका छन्। तर, तत्कालका लागि भने खेतीको सिजन जोगाउन पर्याप्त मात्रामा मल उपलब्ध गराउनु सरकारका लागि सबैभन्दा ठूलो चुनौती बनेको छ।

# मेनरोड विस्तारविरुद्ध वीरगंजमा मानव साङ्लो, 'विकासको नाममा विनाश स्वीकार्य छैन'



**मधेशदृष्टि**
**वीरगंज।**
त्रिभुवन राजपथअन्तर्गत वीरगञ्जको मुख्य व्यापारिक सडक विस्तार गर्ने सरकारी तयारीको विरोधमा स्थानीय व्यवसायी र घरधनीहरू सडकमा उत्रिएका छन्। गण्डकदेखि मितेरी पुलसम्म बिहीबार मानव साङ्लो बनाएर उनीहरूले प्रस्तावित सडक विस्तार योजनाप्रति कडा असन्तुष्टि जनाएका हुन्। प्रदर्शनकारीहरूले सडकको दुवै किनारमा उभिएर हातेमालो गर्दै वर्तमान योजनाले हजारौँ परिवारको बासस्थान र व्यवसाय संकटमा पर्ने चेतावनी दिएका थिए।

उनीहरूले विकासको आवश्यकता स्वीकार गरे पनि अव्यवस्थित ढंगले गरिने संरचना हटाउने अभियान अस्वीकार्य भएको बताएका छन्। विरोध कार्यक्रममा सहभागीहरूले 'विकास चाहिन्छ, विनाश होइन', 'डोजर आतंक बन्द गर', 'वीरगंजको पहिचान जोगाऊ' जस्ता नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए। स्थानीयको

बाँकी पृष्ठ ३ मा

# डिभिजन वन प्रमुखविरुद्ध भ्रष्टाचार र काठ तस्करीको आरोप, अख्तियारमा उजुरी

**मधेशदृष्टि**
**रौतहट।**
रौतहट डिभिजन वन कार्यालयका प्रमुख हेमन्त साहविरुद्ध भ्रष्टाचार, काठ तस्करी, वन विनाश तथा सरकारी सम्पत्तिको दुरुपयोग गरेको आरोप लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहित विभिन्न निकायमा उजुरी दर्ता गरिएको छ।



चुरे तथा वनजंगल संरक्षण अभियान नेपालका अध्यक्ष सूनिल कुमार यादवले बिहीबार हुलाकमार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय काठमाडौं, क्षेत्रीय कार्यालय बर्दिवास र हेटौंडा, राष्ट्रिय सतर्कता केन्द्र तथा प्रधानमन्त्री कार्यालय सिंहदरबारमा विस्तृत उजुरी पठाएका हुन्। उजुरीमा डिभिजन वन

बाँकी पृष्ठ ३ मा

# मुख्यमन्त्री सचिवालका १० कर्मचारीको तलब रोकिएपछि मधेश सरकारभित्र तनाव




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारभित्र मुख्यमन्त्रीको निजी सचिवालयमा गरिएको कर्मचारी नियुक्तिलाई लिएर प्रशासनिक विवाद चर्किएको छ। मुख्यमन्त्री कृष्ण प्रसाद यादवले आफ्नो सचिवालयमा १० जना कर्मचारी नियुक्त गरेपछि उनीहरूको तलबभत्ता रोकिएको विषय अहिले सरकारभित्रै बहसको केन्द्र बनेको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार यादव मुख्यमन्त्री बनेपछि सचिवालय विस्तार गर्दै स्वकीय सचिव, कम्प्युटर अपरेटर, चालक तथा कार्यालय सहयोगीसहित विभिन्न पदमा कर्मचारी नियुक्त गरिएको थियो। तर, ती नियुक्ति संघीय सरकारको खर्च कटौतीसम्बन्धी निर्देशनसँग बाझिएको भन्दै लेखा तथा प्रशासन शाखाले तलब निकासा रोकेको जनाएको छ।

मुख्यमन्त्री कार्यालयबाट करिब दुई महिनाअघि नै तलब भुक्तानीका लागि फाइल लेखा शाखामा पठाइएको भए पनि प्रशासनिक कर्मचारीहरूले त्यसमा सहमति जनाएका छैनन्। उनीहरूको तर्क छ—संघीय सरकारको स्पष्ट परिपत्रविपरीत तलब निकासा गरे भविष्यमा जिम्मेवारी कर्मचारीमाथि आउन सक्छ। मुख्यमन्त्री कार्यालयमा कार्यरत एक कर्मचारीका अनुसार संघीय सरकारले प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूको सचिवालयमा बढीमा तीन जना मात्रै कर्मचारी राख्न पाउने व्यवस्था लागू गरिसकेको छ। यस्तो अवस्थामा १० जनाको तलब निकासा गर्नु कानुनी रूपमा जोखिमपूर्ण हुने उनीहरूको भनाइ छ।

सचिवालयमा नियुक्त गरिएका व्यक्तिहरूमध्ये स्वकीय अधिकृतमा कमलदेव यादव, कम्प्युटर अपरेटरमा महेश्वर चौधरी, चालकमा दिवस दुलाल तथा कार्यालय सहयोगीमा विद्यालाल राउत र संजितकुमार यादव लगायत रहेका छन्। यद्यपि, मधेश प्रदेशमा लागू रहेको 'मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५' ले भने मुख्यमन्त्रीलाई निजी सचिवालयमा १४ जनासम्म कर्मचारी राख्न सक्ने अधिकार दिएको छ। यही कानुनी व्यवस्थाको आधारमा नियुक्ति गरिएको मुख्यमन्त्री पक्षको दाबी छ।

तर, जेनजी आन्दोलनपछि संघीय सरकारले सरकारी खर्च नियन्त्रण अभियानलाई कडाइका साथ अघि बढाएको थियो। त्यस क्रममा मन्त्रिपरिषद्को निर्णयअनुसार अर्थ मन्त्रालयले जारी गरेको परिपत्रमा केन्द्र, प्रदेश र स्थानीय तहमा अनावश्यक प्रशासनिक खर्च कटौती गर्न निर्देशन दिइएको थियो। सोही परिपत्रमार्फत प्रदेश सरकारका मन्त्री तथा मुख्यमन्त्रीको सचिवालयमा तीन जनाभन्दा बढी कर्मचारी नराख्न भनिएको थियो। प्रदेश सरकारभित्र अहिले यही विषय कानुनी र प्रशासनिक विवादको रूपमा देखिएको छ। एकातर्फ प्रदेश ऐनले १४ जनासम्म कर्मचारी राख्न अनुमति दिएको छ भने अर्कोतर्फ संघीय सरकारको परिपत्रले संख्या सीमित गरेको छ। यही द्विविधाका कारण नियुक्त कर्मचारीहरू दुई महिनादेखि तलबविहीन बनेका छन्।

केही दिनअघि सञ्चारकर्मीसँगको भेटमा मुख्यमन्त्री यादवले पनि सचिवालयका कर्मचारीले लामो समयदेखि तलब नपाएको विषय उठाउँदै प्रशासनिक अवरोधका कारण समस्या सिर्जना भएको संकेत गरेका थिए।



# आधारभूत विद्यालय कपिलेश्वरमा विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण




**जनकपुरधाम।**
जनकपुरधाम वडा नम्बर १६ स्थित आधारभूत विद्यालय कपिलेश्वरमा अध्ययनरत विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको छ । विद्यालय परिसरमा आयोजित कार्यक्रममा वडा नम्बर १६ का वडाध्यक्ष रामचन्द्र पजियार र विद्यालयका प्रधानाध्यापक गौरीशंकर लाल कर्णले संयुक्त रूपमा छात्रछात्रालाई पाठ्यपुस्तक हस्तान्तरण गरेका हुन्।

नेपाल सरकारको विद्यालय शिक्षासम्म निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने नीतिअनुसार आधारभूत तहका विद्यार्थीहरूलाई पुस्तक वितरण गरिएको विद्यालयले जनाएको छ।

कार्यक्रममा बोल्दै वडाध्यक्ष पजियारले नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै विद्यार्थीहरूको हातमा पाठ्यपुस्तक पु¥याउन सफल भएको भन्दै विद्यालय प्रशासनको प्रशंसा गरे । उनले विद्यार्थीहरूलाई पाठ्यपुस्तकको अध्ययनसँगै अतिरिक्त क्रियाकलापमा पनि सहभागी गराउन तथा स्थानीय इतिहास, संस्कृति र परम्पराबारे जानकारी दिन शिक्षकहरूलाई आग्रह गरे।

प्रधानाध्यापक लालकर्णका अनुसार विद्यालयमा कक्षा ८ सम्म अध्ययनरत २ सयभन्दा बढी विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको हो।

उनले समुदाय र अभिभावकहरूको सहयोगले विद्यालयले क्रमशः शैक्षिक प्रगति हासिल गरिरहेको बताए।

# पोखरा विमानस्थल भ्रष्टाचार प्रकरणः पूर्वमन्त्री कार्की सहित १४ जनाविरुद्ध मुद्दा दायर




मधेशदृष्टि
काठमाडौँ।
पोखरा विमानस्थल निर्माणका क्रममा भ्रष्टाचार गरेको आरोपमा पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धानले तत्कालीन अर्थमन्त्री कार्कीसहित १४ जना विरुद्ध मुद्दा दायर भएको हो।

अख्तियारको दाबीमा ठेक्का सम्झौतामा भएको व्यवस्थाविपरीत ठेकेदारलाई राजश्व छुट दिएर उनीहरूले भ्रष्टाचार गरेको दाबीसहित आरोपपत्र पेश भएको विशेष अदालतका प्रवक्ता कृष्णशरण लामिछानेले जानकारी दिए। ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १६० रुपैयाँ बिगो मागदाबी गरेर अख्तियारले मुद्दा दायर गरेको लामिछानेले बताए।

तत्कालीन अर्थमन्त्री कार्कीसहित अर्थसचिव शंकर प्रसाद अधिकारी, तत्कालीन पर्यटन सचिव महेश्वर न्यौपाने, तत्कालीन सहसचिवद्वय सुरेश आचार्य र दुण्डुराज घिमिरे, पूर्वसचिव (तत्कालीन सहसचिव) केवल भण्डारी, नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जिव गौतम र निवर्तमान महानिर्देशक प्रदीप अधिकारी, उपसचिव युवराज पाण्डे, शाखा अधिकृत उर्मिला भण्डारी, इन्जिनियर योगेश अर्याल विरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो।

त्यस्तै अख्तियारले चिनियाँ कम्पनी सीएएमसी त्यसका अध्यक्ष र परियोजन व्यवस्थापक अनि कम्पनी म्यानेजरलाई समेत मुद्दा चलाएको छ। अख्तियारले गत २१ मंसिरमा पाँच जना मन्त्रीसहितलाई विपक्षी बनाएर भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो । त्यसपछि ८ चैतमा पोखरा विमानस्थल निर्माणमा भएको भ्रष्टाचारविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको थियो । बिहीबार दायर भएको यो मुद्दा तेस्रो हो।

# लिपुलेक लगायत नेपाली भूमि फिर्ताका लागि कुटनीति पहल गर्न सरकारलाई प्रतिपक्ष दलहरुको दबाव



**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाली कांग्रेससहितका प्रतिपक्ष दलहरूले लिपुलेक लगायतका नेपाली भूमि फिर्ता लिनका लागि सरकारले पर्याप्त कूटनीतिक पहल गर्न सरकारलाई दबाब दिएका छन्।

बिहीबार सिंहदरबारमा बसेको संघीय संसद प्रतिनिधि सभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा बोल्दै प्रतिपक्ष दल नेपाली काँग्रेसका सांसद सन्दीप राना, नेकपा (एमाले)की सांसद भुमिका लिम्बू सुब्बा, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद प्रमेशकुमार हमालले भारत–चीन दुई छिमेकी मुलुकले नेपाली भूमि लिपुलेकलाई व्यापारिक नाकाको रुपमा प्रयोग गर्ने कार्य आपत्तिजनक भएको उल्लेख गरे । साथै, उक्त क्षेत्रको लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूमि भएकाले सरकारले त्यसलाई फिर्ता ल्याउनका लागि कुटनीतिक पहलकदमीमा पर्याप्त ध्यान दिनुपर्ने उनीहरूले बताएका छन्।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सांसद रानाले उक्त क्षेत्रको नेपाली भूमि फिर्ता ल्याउनका लागि सरकारले दुवै मुलुकसँग बसेर प्रत्यक्ष वार्ता गर्ने कुरामा पनि ढिलाई गर्न नहुने बताए। त्यसैगरि एमालेकी सांसद भूमिका लिम्बू सुब्बाले नेपाली भूमि लिपुलेकबारे भारतीय पक्षले दिएको जवाफ आपत्तिजनक रहेको उल्लेख गर्दै त्यसलाई प्रतिवाद गर्नका लागि सरकारले सबै राजनीतिक दलहरूसँग छलफल गरेर एकीकृत राष्ट्रिय धारणा बनाउन आवश्यक रहेको बताइन् । अर्को प्रतिपक्ष दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का प्रमेशकुमार हमालले लिपुलेक लगायतका नेपाली भूमि फिर्ता ल्याउनका लागि सरकारले पर्याप्त कुटनीतिक पहल गर्न आवश्यक रहेको बताए।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था”

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय,गितामन्दिर रोड, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुन:७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८२/१०/१४ँ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८३/०१/०३ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लगतै बैंक खुलेको दिन) अर्थात मिती २०८३/०२/०१ गते शुक्रवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

### तपसिल

**१)ऋणीको नाम, ठेगाना**

१) उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ ग र सोही ऐनको दफा ५ अनूसार घरेलु/साना उद्योग अन्तर्गत सोहि ऐनका दफा १० बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा,विरगंजमा दर्ता मिति २०७३/०२/०६ गते दर्ता भै घ. तथा सा.उ.का. ८०६०/०७२/०७३, अन्तर्गत दर्ता कायम भई पचरुखी वडा नं. ०२, पर्सामा कार्यालय रहेको **भागमती माछापालन फर्म (प्रोपाइटर- नन्दलाल साह कलवार)** ।

२) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन** ।

**कर्जाको प्रकार:- गाडि कर्जा, आवधिक कर्जा, अधिविकर्ष कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **२२१** को जम्मा क्षेत्रफल १-१६-१४-० (**१२४२७.७३ वर्ग मिटर**) को घर जग्गा ।

२) राम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा सिर्सिया ख.टो. वडा नं ९ स्थित किता नं **१६६** को जम्मा क्षेत्रफल **५७८.३४ वर्ग मिटर** को घरजग्गा ।

३) र ाम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **१२ र १२३** को जम्मा क्षेत्रफल क्रमश: **१-१५-१२ र ०-७-१० वर्ग मिटर**को घरजग्गा ।

२) च्यासिस नं **MAT466420G1R12246** र इन्जन नं **61E63516817** रहेको TATA MOTORS को मोडल LTP 3118 TC/56 (2016) को गाडि(ट्रक) नं **NA 6 KHA 6286.**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ता :**

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन** ।

२) जादो लाल साह कलवारको नाति, रामचन्द्र प्रसाद कलवारको छोरा, जिल्ला पर्सा श्रीसिया खल्वाटोला वडा नं. ०९ मा बस्ने (ना.प्र.न.३४१०७५/२७९,जारी मिति २०६७/०७/१०, पर्सा) बर्ष ३२ को **नन्दलाल साह कलवार** ।

३) रामचन्द्र प्रसाद कलवारकी बुहारी, **नन्दलाल साह कलवार**की पत्नी जिल्ला पर्सा, बिरगंज वडा नं. २५ बस्ने (ना.प्र.न. ३४-०१-७०-१२५७०,जारी मिति २०७०/११/१४ जि.प्र.का. पर्सा) बर्ष ३० की **चाँदनी कुमारी** ।

४) राम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवार ।

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्ती अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ बैशाख ३१ गते बिहिबार दिउँसो ४:०० बजे सम्म ।**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ जेठ ०१ गते शुक्रबार दिउँसो ४:०० बजे देखि ।**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही) ।

## भुल सुधार

मिति २०८३/०१/१५ गतेको मधेशदृष्टि राष्ट्रिय दैनिकमा गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने प्रकाशित गरिएको सूचनामा **गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना, शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ बैशाख २९ गते मंगलबार र शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ बैशाख ३० गते बुधवार बजे** हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ ।


Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही) ।

# धनुषाका १३ जना उम्मेदवारले निर्वाचन खर्च विवरण बुझाएनन्

**मधेशदृष्टि**
**जनकपुरधाम।**
फागुन २१ गते भएको प्रतिनिधि सभा निर्वाचनमा धनुषाबाट उम्मेदवार बनेकामध्ये १३ जना निर्वाचन खर्च विवरण बुझाएका छैनन् । चारवटा निर्वाचन क्षेत्रमा १ सय ५७ जना उम्मेदवार रहेकामा १ सय ४५ जनाले भने निर्वाचन खर्च विवरण बुझाएका छन्।
१ सय ५८ जना उम्मेदवार रहेपनि निर्वाचन आयोगले अन्तिम समयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज गरेको थियो।
जिल्ला निर्वाचन कार्यालय धनुषाका सूचना अधिकारी कृष्णा राउतले धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट रास्वपाबाट उम्मेदवार रहेका साहको उम्मेदवारी खारेज भएपनि खारेज हुनुभन्दा अगाडिसम्म भएको खर्च विवरण बुझाएको बताए।
खर्च विवरण बुझाउनेहरुमध्ये १ सय ३४ जनाले आम्दानी र खर्च विवरण समेत सार्वजनिक गरेका छन् । यस पटकको निर्वाचनमा उम्मेदवार बनेकाहरुलाई खर्च विवरण र आम्दानी विवरण बुझाउनुका साथै त्यो सार्वजनिक समेत गर्नुपर्ने रहेको थियो । खर्च विवरण बुझाएकामध्ये ११ जनाले अहिलेसम्म सार्वजनिक गरेको छैनन्।

# महिलाको पाठेघरसम्बन्धी संक्रमणदर चिन्ताजनक




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकामा सञ्चालन गरिएको शहर केन्द्रित पाठेघर मुखको सर्भाइकल क्यान्सर परीक्षण शिविरमा महिलामा पाठेघरसम्बन्धी संक्रमण दर उच्च देखिएको छ।
बैशाख ११ गतेदेखि २३ गतेसम्म महानगरका ७ वटा स्थानमा सञ्चालन गरिएको शिविरमा एक हजारभन्दा बढी महिलाले स्वास्थ्य परीक्षण गराएका छन् । परीक्षणमा संलग्न चिकित्सक डा. स्वेता सिंहका अनुसार सयमा ६० प्रतिशतभन्दा बढी महिलामा विभिन्न प्रकारका संक्रमण देखिएको छ।
केही शिविरमा त परीक्षण गरिएका महिलामध्ये ९० प्रतिशतसम्ममा संक्रमण भेटिएको उनले जानकारी दिइन् । स्वास्थ्यकर्मीका अनुसार महिलाहरु लाजका कारण समयमै परीक्षणका लागि नआउँदा संक्रमण जटिल बन्दै गएको छ।
वीरगंज महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखाका अनुसार महिलाको आङ खस्ने समस्या, पाठेघर मुखको क्यान्सर, अब्स्टेट्रिक फिस्टुला तथा प्रजनन स्वास्थ्यसम्बन्धी समस्या लक्षित गरी शिविर सञ्चालन गरिएको हो।

# मेनरोड विस्तारविरुद्ध वीरगंजमा मानव...

भनाइमा, वर्षौंदेखि कानुनी प्रक्रिया पूरा गरेर निर्माण गरिएका घर तथा व्यापारिक संरचनालाई कुनै स्पष्ट विकल्पबिना हटाउने प्रयासले आर्थिक तथा सामाजिक संकट निम्त्याउनेछ।
स्थानीय बासिन्दाले मुख्य सडकलाई परम्परागत व्यापारिक स्वरूप जोगाउँदै आधुनिक सहरी मार्गका रूपमा विकास गर्नुपर्ने माग अघि सारेका छन् । उनीहरूको तर्क छ मुख्य बजार क्षेत्रलाई फराकिलो सडकका नाममा ध्वस्त बनाउनु भन्दा व्यवस्थित ‘अर्बन रोड’ अवधारणाअनुसार व्यवस्थापन गर्नु नै दीर्घकालीन समाधान हुन सक्छ।
वीरगंज महानगरपालिकाका पूर्व मेयर विजयकुमार सरावगीले पनि आन्दोलनरत पक्षको मागप्रति समर्थन जनाउँदै सरकारलाई वैज्ञानिक र व्यवहारिक विकल्प खोज्न आग्रह गरेका छन् । उनले आफूहरू विकास विरोधी नभएको स्पष्ट पार्दै प्रभावित नागरिकको भविष्य सुनिश्चित नगरी गरिने विस्तार योजनाले ठूलो मानवीय समस्या निम्त्याउने बताए।
सरावगीले कुनैपनि पूर्वतयारी, अध्ययन र उचित मुआब्जाबिना डोजर चलाएर जनतालाई त्रसित बनाउनु गलत भएको टिप्पणी गरे। उनका अनुसार, त्रिभुवन राजपथको विकल्पका रूपमा बाइपास सडक सञ्चालनमा आइसकेकाले पुरानो व्यापारिक क्षेत्रलाई संरक्षण गर्दै व्यवस्थित सहरीकरणतर्फ जान सकिन्छ । उनले वीरगंजको मेनरोड केवल यातायात मार्ग नभई सहरको आर्थिक, सामाजिक र ऐतिहासिक पहिचानसँग जोडिएको क्षेत्र भएको उल्लेख गरे।
‘व्यापारिक केन्द्र ध्वस्त पारेर विकास सम्भव हुँदैन,’ उनले भने, ‘सरकारले स्थानीयसँग सहमति गरेर दीर्घकालीन र सबैलाई स्वीकार्य समाधान खोज्नुपर्छ ।’ सडक विस्तारको विषय सार्वजनिक भएसँगै वीरगंजको व्यापारिक क्षेत्रमा अन्योल र त्रास बढ्दै गएको छ । प्रशासनले सडक सीमाभित्र पर्ने संरचना हटाउन सूचना जारी गरिसकेको छ भने प्रभावित पक्षले माग सम्बोधन नभएसम्म आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएका छन्।

# डिभिजन वन प्रमुखविरुद्ध...

कार्यालय रौतहटका प्रमुख हेमन्त साह वन ऐनविपरीत गतिविधि, सामुदायिक वनको रकम हिनामिना, काठ तस्करी तथा अवैध वन फँडानीमा संलग्न रहेको आरोप लगाइएको छ।
अभियानका अनुसार साह यसअघि महोत्तरीमा डिभिजनल वन अधिकृत रहँदादेखि नै विवादित रहँदै आएका थिए।
त्यतिबेला अख्तियारले उनीमाथि अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दायर गरेको र सो मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको दाबी उजुरीमा गरिएको छ।
सर्वसाधारणलाई सहुलियत दरमा वितरण गर्नुपर्ने काठ विभिन्न सःमिल व्यवसायीसँग मिलेमतो गरी गोप्य टेन्डरमार्फत कम मूल्यमा बिक्री गरिएको आरोप पनि लगाइएको छ । उजुरीमा प्रति क्यू फिट काठमा ५०० देखि १ हजार रुपैयाँसम्म कमिशन लिएको दाबी गरिएको छ।
त्यस्तै, विभिन्न सामुदायिक वन उपभोक्ता समूहको दिगो वन व्यवस्थापन कार्ययोजनाका लागि आएको करिब २० लाख रुपैयाँ अनियमित रूपमा फिर्ता लिएर दुरुपयोग गरिएको आरोपसमेत अभियानले लगाएको छ । जनएकता, जनचाहना, हातेमालो र तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूहको खाताबाट रकम हिनामिना भएको भन्दै बैंक स्टेटमेन्ट र अडिट प्रतिवेदन झिकाएर अनुसन्धान गर्न माग गरिएको छ । उजुरीमा गैडाटार क्षेत्रमा करिब पाँच हेक्टर सिसौ वन कटान गरी घुस लिएको, नुनथर पर्यटन क्षेत्रमा नियमविपरीत जिपलाइन निर्माण गराएको तथा नमुना सामुदायिक वनबाट हजारौं क्यू फिट सालको काठ तस्करी गराइएको आरोपसमेत समावेश गरिएको छ । प्रमाण नष्ट गर्न आगजनी गरिएको दाबी पनि गरिएको छ।
यस्तै, वन क्षेत्रका विभिन्न भागमा तस्करसँग मिलेमतो गरी अवैध फँडानी गराइएको, कार्यालय तोडफोडसम्बन्धी मुद्दा मिलाउन घुस लिएको तथा चुरे क्षेत्रमा क्रसर उद्योगद्वारा भइरहेको दोहनमा मौन समर्थन गरेको आरोप अभियानले लगाएको छ।
पौराही सब–डिभिजन अन्तर्गत सञ्चालन गरिएको चार्जिङ सेन्टरको वैधानिकतामाथि समेत प्रश्न उठाइएको छ।
उजुरीमा खोरकटी सामुदायिक वन उपभोक्ता समूहको कार्यक्रममा डिभिजन वन प्रमुख साहले पदाधिकारीलाई जेल जानबाट बचाएको अभिव्यक्ति दिएको भिडियो सुरक्षित रहेको दाबी गर्दै उक्त अभिव्यक्तिले वन अपराधमा उनको संलग्नता पुष्टि गर्ने उल्लेख गरिएको छ । यसैबीच, अभियानले मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयमाथि पनि प्रश्न उठाएको छ। एउटै जिल्लामा लामो समयसम्म कर्मचारी राख्ने तथा सरुवा भएपछि पुनः सोही स्थानमा फर्काउने प्रवृत्तिले सुशासनमाथि गम्भीर प्रश्न उठाएको अभियानको भनाइ छ।

# सुकुम्बासी बस्तीमा डोजर नचलाउन

## श्रम संस्कृति पार्टीको चेतावनी, प्रशासनलाई ज्ञापनपत्र



**मधेशदृष्टि**
**वीरगंज।**
श्रम संस्कृति पार्टीको पर्सा जिल्ला समितिले जिल्लाभित्र रहेका सुकुम्बासी बस्तीहरूमा डोजर चलाउने तयारी तत्काल रोक्न माग गरेको छ । पार्टीले बिहीबार पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापनपत्र बुझाउँदै वैकल्पिक पुनःस्थापनाको व्यवस्था नगरी कुनै पनि बस्ती हटाउन नहुने स्पष्ट पारेको हो।
पार्टीका अनुसार पर्सा जिल्लाका विभिन्न ऐलानी, पर्ती तथा सार्वजनिक जग्गामा वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन तथा सुकुम्बासी नागरिकलाई बल प्रयोग गरेर हटाउने तयारी भइरहेको सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको छ।
श्रम संस्कृति पार्टी पर्साका उपाध्यक्ष वसिम शेखले सुकुम्बासी बस्ती हटाउने कुनै पनि कदम मानवीय तथा संवैधानिक दृष्टिले अस्वीकार्य हुने बताए । ज्ञापनपत्रमार्फत पार्टीले अन्य जिल्लामा पनि सुकुम्बासी बस्तीमाथि भइरहेको डोजर अभियान र बल प्रयोग तत्काल रोक्न सरकारसँग माग गरेको छ।
पार्टीले नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानजनक आवासको हक सुनिश्चित गरेको स्मरण गराउँदै संविधानको धारा ३७ अनुसार कानुनबमोजिम बाहेक कसैलाई पनि आफ्नो आवासबाट हटाउन नमिल्ने व्यवस्था रहेको उल्लेख गरेको छ।
साथै धारा ५१ अनुसार भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी पुनःस्थापनाको जिम्मेवारी राज्यकै भएको पनि ज्ञापनपत्रमा उल्लेख गरिएको छ।
श्रम संस्कृति पार्टीले नागरिकको जीवन, आवास र सम्पत्तिको सुरक्षा गर्नु राज्य तथा प्रशासनको दायित्व भएको उल्लेख गर्दै कुनै विकल्पबिना बल प्रयोग गरी विस्थापन गर्ने प्रयास कानुनी र मानवीय दुवै हिसाबले गलत हुने चेतावनी दिएको छ।
पार्टीले पर्सा जिल्लाभित्र रहेका सम्पूर्ण सुकुम्बासी बस्तीमा डोजर चलाउने योजना तत्काल रोक्न, वास्तविक लगत संकलन गरी वर्गीकरण गर्न, दीर्घकालीन तथा सम्मानजनक पुनःस्थापनाको स्पष्ट योजना लागू गर्न र कुनै पनि विस्थापनअघि वैकल्पिक आवास सुनिश्चित गर्न प्रशासनसँग माग गरेको छ।

# जथाभावी फोहोर फाल्नेलाई जितपुरसिमरामा ५० हजारसम्म जरिवाना

**मधेशदृष्टि**
**जितपुरसिमरा।**
बाराको जितपुरसिमरा उपमहानगरपालिकाले वातावरण संरक्षण र बढ्दो प्रदूषण नियन्त्रणका लागि फोहोर व्यवस्थापनमा कडाइ गर्ने भएको छ । उपमहानगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै सडक, नाला, फुटपाथ तथा सार्वजनिक स्थलमा जथाभावी फोहोर फाल्ने व्यक्ति तथा संस्थामाथि कडा कानुनी कारबाही गरिने जनाएको हो।
फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा उपमहानगरको फोहोरमैला व्यवस्थापन कार्यविधि २०७९ अनुसार अब सार्वजनिक स्थानमा फोहोर विसर्जन गर्न पूर्ण प्रतिबन्ध लगाइएको छ । उपमहानगरले कसुरको प्रकृति अनुसार जरिवानाको दायरा निर्धारण गर्दै अधिकतम ५० हजार रुपैयाँसम्म दण्ड सजाय हुन सक्ने स्पष्ट पारेको छ । सूचनाअनुसार सामान्य फोहोर जथाभावी फाल्ने व्यक्तिलाई पहिलो पटक पाँच सय रुपैयाँ जरिवाना गरिनेछ । एउटै गल्ती दोहो¥याएमा प्रत्येक पटक जरिवाना रकम दोब्बर हुने व्यवस्था गरिएको छ । सार्वजनिक स्थानमा चुरोटका ठुटा, गुट्खाका खोल वा अन्य साना फोहोर फाल्नेलाई समेत कारबाहीको दायरामा ल्याइएको छ । यस्ता कार्यमा संलग्न व्यक्तिलाई एक सय रुपैयाँ जरिवाना तोकिएको उपमहानगरले जनाएको छ।
जनस्वास्थ्यमा गम्भीर असर पर्ने किसिमका फोहोर सडक, नदी वा खुला क्षेत्रमा फालेमा पाँच हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना गरिने उल्लेख गरिएको छ । उद्योग तथा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर व्यवस्थापनमा पनि उपमहानगरले कडा निगरानी गर्ने भएको छ । यदि कुनै उद्योग वा स्वास्थ्य संस्थाले विषादीयुक्त वा स्वास्थ्य जोखिमयुक्त फोहोर अव्यवस्थित रूपमा फालेको पाइएमा २५ हजार रुपैयाँसम्म जरिवाना गरिनुका साथै सम्बन्धित निकायमा अनुमति रद्दको सिफारिससमेत गरिने चेतावनी दिइएको छ।



यसका अतिरिक्त अनुमति बिना सडक क्षेत्रमा निर्माण सामग्री थुपार्ने, सरसफाइमा अवरोध पु¥याउने वा सार्वजनिक स्थल फोहोर बनाउने व्यक्तिमाथि पनि आवश्यक कारबाही गरिने उपमहानगरले जनाएको छ । ‘सफा नगर, स्वस्थ नागरिक’ अभियानलाई प्रभावकारी बनाउन नगर प्रहरी, अनुगमन टोली र वडा कार्यालयहरूलाई सक्रिय रूपमा परिचालन गरिएको जनाइएको छ । उपमहानगरपालिकाले सम्पूर्ण नगरवासीलाई तोकिएको स्थान र समयमा मात्रै फोहोर व्यवस्थापन गर्न आग्रह गर्दै स्वच्छ, व्यवस्थित र सभ्य सहर निर्माणमा सहयोग गर्न अपिल गरेको छ।

# विभिन्न मुद्दाका ११ जना फरार प्रतिबादी पक्राउ

**मधेशदृष्टि**
**कलैया।**
विभिन्न आपराधिक मुद्दामा अदालतबाट सजाय तोकिएपछि लामो समयदेखि फरार रहेका ११ जना प्रतिवादीलाई बारा प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराले सञ्चालन गरेको विशेष अभियानअन्तर्गत बुधबार जिल्लाका विभिन्न स्थानबाट उनीहरूलाई नियन्त्रणमा लिइएको हो । प्रहरीले फरार प्रतिवादीहरूको खोजीलाई तीव्र बनाउँदै अभियानलाई निरन्तर अघि बढाइरहेको जनाएको छ।
प्रहरीका अनुसार पक्राउ परेकाहरू वन पैदावार क्षति, चेक अनादर, लेनदेन विवाद, कुटपिट तथा अङ्गभङ्ग, साथै राजस्व चुहावटसम्बन्धी विभिन्न मुद्दामा दोषी ठहर भइसकेका थिए । नियन्त्रणमा लिइएकाहरूलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी बारा जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।
प्रहरीले फरार रहेका अन्य प्रतिवादीहरूको खोजी कार्यलाई पनि थप कडाइका साथ अघि बढाइने बताएको छ।

# करार कर्मचारी हटाउन संघ सरकारको निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
संघीय सरकारले करारका कर्मचारीहरुलाई हटाउन मधेश सरकारलाई निर्देशन दिएको छ।
स्थानीय तहमा भ्रष्टाचार, बेथिति, विसंगति र ढिला सुस्ती बढिरहेको भन्दै यसलाई निर्मूल गर्नका लागि प्रधानमन्त्री बालेनको निर्देशनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २७ बुँदे कडा निर्देशन जारी गर्दै मधेश प्रदेशका स्वास्थ्य तथा शिक्षा क्षेत्रका करार कर्मचारीलाई हटाउन भनिएको छ।
निर्देशन गरिएको २७ बुँदेमा १६ वटा बुँदा मधेश प्रदेशकै लागि रहेको छ । निर्देशनको ६, ७ र ८ नम्बर बुँदा करार कर्मचारी हटाउनैमा केन्द्रित छन् । बुँदा ६ मा मधेशको शिक्षा र स्वास्थ्यमा करारको र कर्मचारी तुरन्त हटाऔं भन्दै ठाडो निर्देशन गरिएको छ।

# बरिष्ठ पत्रकार झासहित ५ जना सम्मानित



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रपति रामचन्द्र पौडेलले वीरगंजका वरिष्ठ पत्रकार चन्द्रकिशोर झासहित मुलुकका ५ जना पत्रकारलाई सम्मानित गरेका छन् । सूचना तथा संचार प्रविधि मन्त्रालयद्वारा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले झासहित ५ जना पत्रकारलाई सम्मानित गरेका हुन्।
कार्यक्रममा राष्ट्रपति पौडेलले वरिष्ठ पत्रकार सम्मानबाट वीरगंजका झा र नम्रता शर्मालाई, राष्ट्रिय पत्रकारिता पुरस्कारबाट भोला पासवान, उमेश श्रेष्ठ र रुपा गहतराजलाई सम्मानित गरे।
सम्मानित पाँचैजना पत्रकारलाई जनही दुई–दुई लाख नगद तथा सम्मानपत्र प्रदान गरिएको थियो।
कार्यक्रममा राष्ट्रपति पौडेलले जिम्मेवार प्रेसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझै बलियो बनाउँदै सुशासन, विकास, प्रगति र आर्थिक समृद्धिको युगानुकूल चाहनालाई पूरा गर्ने अभियानमा नेपाली प्रेसले अझै प्रभावकारी ढंगले काम गर्ने विश्वास व्यक्त गरे।

## सम्पादकीय

# नियमको धज्जी उडाउँदै मुख्यमन्त्रीको सचिवालय:

# कानुन माथि सत्ता कि सत्ता माथि कानुन ?

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवको सचिवालयमा गरिएको १० जनाको नियुक्ति र त्यसपछि उत्पन्न भएको तलब विवाद केवल प्रशासनिक कमजोरी होइन, यो राज्य सञ्चालनको नैतिकता, कानुनी अनुशासन र राजनीतिक जिम्मेवारीमाथिको गम्भीर प्रश्न हो । जब स्वयं सरकारको नेतृत्व गर्ने व्यक्ति नै नियमको सीमाभन्दा बाहिर गएर नियुक्ति गर्छन्, तब सामान्य कर्मचारी, नागरिक र राज्य संयन्त्रले कानुनको सम्मान किन गर्ने ?

मधेश प्रदेश सरकार अहिले आफ्नै निर्णयको दलदलमा फसेको छ । एकातिर प्रदेश ऐन २०७५ ले मुख्यमन्त्रीलाई १४ जनासम्म सचिवालयमा राख्ने अधिकार दिएको छ, अर्कोतिर संघीय सरकारले खर्च कटौतीका नाममा ३ जनाभन्दा बढी नियुक्ति नगर्न स्पष्ट परिपत्र जारी गरेको छ । यही द्वन्द्वको बीचमा अहिले मुख्यमन्त्री कार्यालयका कर्मचारीहरू तलब रोक्न बाध्य भएका छन् । उनीहरू डराएका छन् आज राजनीति दबाबमा फाइल पास गरियो भने भोलि अख्तियार, महालेखा वा कानुनी कारबाहीको जिम्मा कसले लिने ?

यो घटनाले एउटा खतरनाक प्रवृत्ति उजागर गरेको छ 'सत्ता प्राप्त भएपछि नियमलाई आफूअनुकूल व्याख्या गर्ने मानसिकता' । यदि संघीय सरकारको परिपत्र मान्नै नपर्ने हो भने प्रदेश सरकारले त्यसको औपचारिक प्रतिवाद किन गरेन ? अदालत गयो ? संवैधानिक बहस ग¥यो ? केही पनि भएन । बरु चुपचाप नियुक्ति गरियो, अनि अहिले कर्मचारीमाथि दबाब सिर्जना गरेर तलब निकासा गराउने प्रयास भइरहेको छ । यो शैली लोकतान्त्रिक होइन, शक्तिको दुरुपयोग हो ।

सबैभन्दा दुःखद पक्ष त के छ भने, मधेश प्रदेश आफैं आर्थिक संकट, बेरोजगारी, विकासको सुस्त गति र प्रशासनिक अव्यवस्थाबाट गुज्रिरहेको बेला सरकारको प्राथमिकता जनताको सेवा नभई आफ्ना मानिस भर्ती गर्ने संस्कृतिमा केन्द्रित देखिएको छ । प्रदेश सरकारको उद्देश्य रोजगारी वितरण केन्द्र बन्नु होइन, सुशासन र सेवा प्रवाहको उदाहरण प्रस्तुत गर्नु हो । तर यहाँ त जनताको करबाट चल्ने कार्यालय राजनीतिक कार्यकर्ता व्यवस्थापन गर्ने थलोमा रूपान्तरण हुँदै गएको आभास हुन्छ ।

मुख्यमन्त्री यादवले सार्वजनिक रूपमा आफ्ना सचिवालयका कर्मचारीले तलब नपाएको गुनासो गर्नुभन्दा पहिले आफूले गरेको नियुक्ति कानुनी रूपमा सही छ कि छैन भन्ने आत्ममूल्यांकन गर्न आवश्यक थियो । सरकार चलाउने व्यक्तिले 'मेरो मान्छेलाई किन तलब दिएनौ ?' भनेर प्रश्न गर्नु भन्दा पहिले 'मैले नियम पालना गरेँ कि गरिनँ ?' भनेर सोध्नुपथ्र्यो । कानुनको शासनमा भावनाले होइन, विधिले काम गर्छ ।

अझ गम्भीर कुरा त के हो भने, यदि कर्मचारीहरूले नियम विपरीत फाइल पास गर्न अस्वीकार गरेका छन् भने यसलाई सकारात्मक रूपमा लिनुपर्छ । लामो समयपछि प्रशासनभित्र कानुनी जिम्मेवारीबोध देखिएको छ । नत्र विगतमा राजनीतिक आदेशकै भरमा अनियमित निर्णयहरू हुँदै आएका थिए । कर्मचारीले 'भोलि हामी फस्छौं' भनेर फाइल रोकेका छन् भने त्यो राज्य संयन्त्रमा बाँकी रहेको थोरै जवाफदेहिताको संकेत हो ।

आज मधेश प्रदेश सरकार एउटा महत्वपूर्ण मोडमा उभिएको छ । या त उसले स्पष्ट कानुनी आधार प्रस्तुत गरेर आफ्नो निर्णयलाई वैध सावित गर्नुपर्छ, या गलत नियुक्ति सच्याएर सार्वजनिक रूपमा स्वीकार गर्नुपर्छ । अन्यथा 'सुशासन' केवल भाषणको शब्द बन्नेछ र प्रदेश सरकारप्रतिको जनविश्वास झन् कमजोर हुँदै जानेछ ।

सत्ता क्षणिक हो, तर राज्यको संस्थागत मर्यादा स्थायी हुन्छ । यदि मुख्यमन्त्री स्वयंले नियमको सीमा नाघ्ने हो भने त्यसको सन्देश तलसम्म पुग्छ 'सत्ता भए नियम तोड्न पाइन्छ ।' यही सोचले अन्ततः लोकतन्त्रलाई कमजोर बनाउँछ ।

# विश्वकप क्रिकेटका लागि नेपालको सशक्त दाबेदारी



राजु सिलवाल




**काठमाडौँ ।**
नेपाली पुरुष राष्ट्रिय क्रिकेट टिमले 'टि ट्वाण्टी' विश्वकपमा सहभागी भए लगत्तै अर्को विश्वकपमा छनोटका लागि दाबेदारी प्रस्तुत गर्ने क्रम जारी राखेको छ । सन् २०२७ मा दक्षिण अफ्रिका, जिम्बाबे तथा नामेबियाको संयुक्त आयोजनामा आइसिसी पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको १४औँ संस्करण आयोजना हुँदैछ । सोही प्रतियोगितामा प्रवेशका लागि काठमाडौँमा भएको छनोट प्रतिस्पर्धामा नेपालले खेलका कूल चार खेलमध्ये तीन खेलमा विजय हासिल गर्दै विश्वकप सहभागिताको सम्भावनाको ढोका खोल्ने प्रयास गरेको हो । उक्त विश्वकप लिग–२ अन्तर्गत त्रिकोणात्मक श्रृङ्खलामा नेपालले हासिल गरेको नतिजालाई उत्साहजनक मानिएको छ ।

नेपाल, ओमान र संयुक्त अरब इमिरेटस (युएई) बीच भएको ५० ओभरको ओडिआई फम्र्याटको उक्त श्रृङ्खलामा नेपालले युएईलाई दुवै खेलमा हराएको थियो । त्यस्तै पहिलो खेलको पराजयको बदला लिँदै ओमानलाई विश्वकप लिग २ को १०३औँ खेलमा ८१ रनको विशाल अन्तरले पराजित गर्दै नेपालले श्रृङ्खलाको प्रतिस्पर्धा टुङ्ग्याएको थियो । सन्तुलित प्रदर्शन नै नेपालको विजयको मुख्य कारण बन्न पुग्यो । नेपालको ब्याटिङको तुलनामा कसिलो बलिङ उल्लेखनीय थियो । त्यस्तै नेपाली टिमको फिल्डिङ पक्ष पनि प्रशंसायोग्य थियो । नेपाल टिमको मङ्गलबारको विजयमा आशिफ शेखको ९४ रन तथा गुलसन झाको ५ विकेटको महत्वपूर्ण योगदान रहेको थियो । यसअघि काठमाडौँमै भएको अभ्यास खेलमा पनि 'नेपाल ए' टिमले ओमानको राष्ट्रिय टोलीलाई एक सय १५ रनले हराएर मनोबल उच्च बनाएको थियो ।

विश्वकप लिग–२ मा सहभागी रहेका आठ टोलीमध्ये शीर्ष स्थानमा पुग्ने चार टोली विश्वकपमा छनोट हुने व्यवस्था रहेको छ । त्यसपछि परेका अन्य चार टिमले भने विश्वकप छनोटका लागि 'प्ले–अफ' प्रतियोगिता खेल्नु पर्नेछ । नेपालले विश्वकप छनोटका लागि हालसम्म खेलेका २४ खेलमध्ये आठ वटामा जितेर समूहको अङ्क तालिकामा सातौं स्थानमा रहेको छ । नेपालले १४ वटा खेलमा पराजय भोगिसकेको छ ।

नेपालको हालसम्म कूल अङ्क १८ रहेको छ । आठ मुलुकका टिमको उक्त समूहमा अमेरिका ३६ अङ्कसहित शिर्ष स्थानमा रहेको छ । त्यसपछि स्कटल्याण्ड ३४, ओमान ३१ र नेदरल्याण्डस् २६ अङ्कसहित शिर्ष चारमा रहेका छन् । नेपालले अङ्क तालिकामा तेस्रो स्थानमा रहेको टिम ओमानलाई पराजित गर्नु महत्वपूर्ण उपलब्धि मानिएको छ । नेपालले विश्वकप छनोटकै सिलसिलामा फेरि आफ्नै गृह मैदानमा दाबेदार रहेका अन्य दुई टिमसँग खेल्ने अवसर पाउने भएको छ । नेपाल यही वैशाख २९ गते र जेठ ४ गते काठमाडौँमा स्कटल्याण्डसँग प्रतिस्पर्धा गर्दैछ भने जेठ २ गते र ८ गते अमेरिकासँग खेल्ने कार्यक्रम रहेको छ । ती प्रतिस्पर्धा यसपटक सम्पन्न खेलहरुभन्दा केही कठिन हुने आँकलन गरिएको छ ।

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ एक दिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) प्रतियोगिता हो, जसलाई आगामी सन् २०२७ मा आयोजना हुने विश्वकप क्रिकेट प्रतियोगितामा छनोटको दोस्रो तहको आधार मानिएको छ । उक्त प्रतियोगितामा इण्टरनेशनल क्रिकेट काउन्सिलका आठ एशोशिएट राष्ट्रका टिमहरुले विश्वकप छनोटका लागि प्रतिस्पर्धा गर्दैछन्, जसमा ती टिमले २४ त्रिदेशीय श्रृङ्खला खेलिरहेका छन् । यसअन्तर्गत प्रत्येक टोलीले ३६ वटा एक दिवसीय खेल खेल्नु पर्नेछ । सन् २०२६ भरि नै यी खेल हुने कार्यक्रम रहेकोले हाल सातौं स्थानमा रहेको नेपाल माथिल्लो स्थानमा उक्लन सक्ने सम्भावना अझै रहेको छ ।

**दिपेन्द्रको दुःखेसो**
विगत केही समयदेखि नेपाली क्रिकेट टिमका खेलहरु मुलुकभित्र वा मुलुक बाहिर भएको बखत पनि नेपाली दर्शकहरुको उपस्थिति उल्लेखनीय रुपमा हुंदै आइरहेको छ तर यसपालि कीर्तिपुरमा खेल हेर्न नेपाली दर्शकहरु उपस्थिति कमि भएकामा नेपाली टिमका उपकप्तान दिपेन्द्रसिंह ऐरीले गुनासो नै व्यक्त गरेका थिए । उपकप्तान ऐरीले विगत जस्तै यसपटक पनि सशक्त खेल प्रदर्शन गरेका थिए । उनले युएई विरुद्ध लिएको शतक यसपालिको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । यसअघि अमेरिका, भारतलगायतका मुलुकमा नेपाली टिमको खेल हुँदा नेपाली दर्शकहरुको उपस्थिति अन्तर्राष्ट्रियस्तरमै चर्चित हुन पुगेको थियो । तर यसपासल फ्लड लाइटको प्रकाशमा सञ्चालन गरिएको खेलमा समेत दर्शकहरुको उपस्थितिमा कमि आएपछि उपकप्तान ऐरी खुसी देखिएनन् ।

नेपाली टिमका खेलाडीहरुले यसपाली खेल हेर्न बढी दर्शकहरु आउने अपेक्षा गरेका थिए । धेरै दर्शक रङ्गशाला आएमा खेलाडीहरुलाई हौसला मिल्ने उपकप्तान ऐरीको धारणा रहेको छ । नेपालको धेरैजसो प्रतिस्पर्धा युएई, ओमान जस्ता मुलुकहरुसँग भएकाले पनि यसपटक दर्शकहरु घटेको अनुमान गरिएको छ । यस्तै नेपाली खेलाडीहरुको प्रदर्शन अपेक्षा गरिए जस्तो नहुनु जस्ता कारणले पनि दर्शकहरुको उपस्थितिमा कमी आएको हो । हरेक क्रिकेट प्रतियोगिता काठमाडौंमै केन्द्रीत नरहेर उपत्यका बाहिरसमेत आयोजना गर्न सकिएमा दर्शक सङ्ख्या बढाउन सकिने सम्भावनालाई पनि नकार्न सकिदैंन ।

**सन्दिपको सफलता**
ओमान विरुद्धको अन्तिम खेलमा अन्तिम विकेट लिन सफल नेपाली लेगस्पिनर सन्दिप लामिछानेले यसपालि सबैजसो खेलमा विकेट लिएर आफ्नो खेल कौशल प्रदर्शन गरेका थिए । विश्वस्तरीय क्रिकेटमै आफ्नो पहिचान बनाउन सफल लामिछाने क्रिकेट खेलाडीहरुको विश्व बरियताक्रममा छलाङ मार्न समेत सफल भएका छन् । उनले 'टि ट्वाण्टी' अन्तर्राष्ट्रियमा २५औँ स्थान तथा एकदिवसीय अन्तर्राष्ट्रियमा तीन स्थान सुधार गरेका छन् । उनी 'टि ट्वाण्टी' आईको बलिङ बरियतामा ५३औं स्थान उक्लिन सफल भएका छन् भने ओडिआई बरियतामा ५८औं स्थानमा पुगेका छन् । उनको नाममा अर्को नयाँ कीर्तिमान कायम हुनु मुलुककै क्रिकेट इतिहासमा थप उपलब्धि मान्न सकिन्छ ।

उनले विश्वकप लिग २ अन्तर्गत १०० विकेट लिएर पहिलो बलर बन्ने सौभाग्य प्राप्त गरेका छन् । उनले विश्वकप लिग २ मा सतक कटाउने पहिलो बलर बनेर इतिहास रचेका छन् । अन्तरराष्ट्रिय एक दिवसीय क्रिकेटमा कम खेलमै धेरै विकेट लिने नेपाली बलरहरुमा उनी अग्रणी खेलाडी हुन् । अन्तर्राष्ट्रिय फ्रेन्चाइज क्रिकेटमार्फत नेपाललाई विश्व क्रिकेटमा चिनाउने लामिछाने इण्डियन प्रिमियर लिगमा खेल्ने पहिलो नेपाली खेलाडी हुन् । विभिन्न अन्तरराष्ट्रिय 'टि ट्वाण्टी' लिगहरुमा उनले व्यावसायिक खेलाडीका रुपमा खेलिसकेका छन् । यसपालीको प्रतियोगितामा लयमा देखिएका लामिछानेले नयाँ कीर्तिमान कायम गरेपछि सामाजिक सञ्जालमा सबै क्रिकेटप्रेमीहरुप्रति आभार प्रकट गर्दै आफू भविश्यमा नेपाल र नेपाली जनताहरुलाई गौरवान्वित बनाउन प्रयासरत रहने धारणा व्यक्त गरेका थिए ।

**पाका खेलाडीको पुनरागमन**
यसपाली नेपालका मुख्य प्रशिक्षक स्टुवार्ट ललले पुराना अनुभवी खेलाडीलाई समेत पुन टिममा भित्र्याएर राम्रो मूल्याङ्कन गरेका छन् । आवश्यकताअनुसार बेलाबेलामा खेलाडीहरुको फेरबदल गर्नाले टिमलाई मजबुत बनाउन सहयोग पुग्न जानेछ । नेपाली राष्ट्रिय टिममा सबैभन्दा पाका खेलाडी बनेर विनोद भण्डारीको पुनरागमन हुनु प्रशिक्षकको उचित मूल्याङ्कन मान्न सकिन्छ । खेलाडी भण्डारीको ३६ वर्षको उमेर नेपाली राष्ट्रिय टिममा पुनरागमन भएको हो । उनले नेपालको तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा आफ्नो सहभागिता जनाइसकेका छन् । पछिल्लोपटक दुई वर्षअघि राष्ट्रिय टिमबाट खेलेका उनले घरेलु प्रतियोगिताहरुमा भने निरन्तरता दिइरहेका थिए ।

**अर्जुनको डेब्यु**
नेपाली टिममा लामो समयदेखि सिमित खेलाडीहरुको बर्चस्व भएको आरोप खेप्दै आइरहेको नेपाल क्रिकेट सङ्घ क्यानले आइसिसी विश्वकप लिग २ को सिलसिलामा भरपर्दो खेलाडीका रुपमा स्थापित हुनसक्ने सम्भावना भएका अर्जुन कुमाललाई डेब्यु गराएको छ । २० बर्षिय ब्याटसम्यान कुमाललाई युएई बिरुध्दको खेलमा कप्तान रोहित पौडेलले डेब्यु क्याप दिएर राष्ट्रिय टिममा स्वागत गरेका थिए । हालै पिएम कम क्रिकेट प्रतियोगितामा सर्वाधिक पाँच सय चार रन बनाएर उनले आफ्नो खेल क्षमता प्रदर्शन गरेका थिए । उनले यसअघि यु १९ राष्ट्रिय टिमबाट मुलुकको लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरिसकेका थिए । ओमान विरुद्धको खेलमा खेलाडी कुमारले दोस्रो विकेटका लागि आशिफ शेखसँग गरेको १२३ रनको साझेदारी महत्वपूर्ण रह्यो ।

**रङ्गशाला सुरक्षित**
कीर्तिपुरस्थित क्रिकेट रंगशाला नवीकरण होला कि नहोला भनेर क्रिकेटप्रेमीहरु अन्योलमा रहिरहेको बेला त्रिभुवन विश्वविद्यालयले क्यानलाई क्रिकेट रङ्गशालाको जग्गा ३५ दिनभित्र खाली गरिदिन पठाएको पत्रले झन चिन्ता थपेको थियो । तर अब खेलकुद मन्त्रालयको समेत कार्यभार सम्हाल्नुभएका नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले कीर्तिपुर क्रिकेट मैदान नभत्काइने जानकारी दिनु भएपछि अन्योल समाप्त भएको छ । त्रिभुवन विश्वविद्यालय र क्रिकेट क्यानबीच नयाँ सम्झौता गरिने भएको छ । गतवर्ष मात्र पुनःनिर्माण गरिएको कीर्तिपुर रङ्गशालामा करिब १० हजार दर्शक बस्नका लागि सिटको व्यवस्था गरिनुका साथै राति पनि खेल सञ्चालनका लागि पहिलोपटक फ्लड लाइट जडान गरिएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदै आइरहेका छन् ।

**महिला टिम पनि पछयाउँदै**
नेपालमा पुरुष क्रिकेट टिमको ब्यस्तता र सफलतालाई महिला टिमले पनि पछयाइरहेका छन् । पछिल्लो पटक रुवाण्डामा सम्पन्न 'आइसिसी ओमन्स टि ट्वाण्टी' अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली टिम दोस्रो भएर आफ्नो सक्षमता प्रमाणित गरेको छ । अन्तिम खेलमा नेपालले इटलीलाई आठ विकेटको विशाल अन्तरले पराजित गरेको थियो । नेपालले यसअघि पनि इटलीलाई हराएको थियो । नेपाली महिला टिमको अर्को महत्वपूर्ण सफलता भनेको रुवाण्डालाई उनीहरुकै गृहमैदानमा दुई पटक हराउन सफल भएको थियो । प्रतियोगिताको उपाधि विजेता अमेरिकासँग नेपाल दुबै खेलमा हारेको थियो । नेपाल भानुआटुसँग एक खेलमा हारेको थियो भने एक खेलमा पराजित गर्न सफल भएको थियो ।

**अन्त्यमा,**
विश्वकप लिग २ मा नेपाली टिमले हालसम्म हासिल गरेको नतिजा उत्साहप्रद नै भएता पनि सन्तोष मान्नुपर्ने अवस्था भैसकेको छैन । नेपालको अझै थुप्रै प्रतिस्पर्धा बाँकी छन् । आगामी विश्वकप जस्तो प्रतिष्ठित प्रतियोगितामा नेपालको प्रतिनिधित्व सुनिश्चित गराउन क्यानले विशेष योजनासहित अघि बढनुपर्ने देखिएको छ । नेपाली क्रिकेट खेलाडीहरुले लगातार घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दै आएता पनि तत्काल विश्राम पाउने अवस्था रहेको छैन । यसरी क्रिकेट खेलाडीहरुको अनवरत मेहनत तथा व्यस्ततासँग मुलुकको प्रतिष्ठा पनि गासिएको छ । मुलुकको प्रतिनिधित्व गर्दै यी खेलाडीहरुले विभिन्न प्रतियोगितामा जितेका उपाधिहरुवापत सरकारले प्रतिबद्धता ब्यक्त गरे अनुसारको आर्थिक पुरस्कार समयमै उपलब्ध गराउन प्राथमिकता दिनु पर्दछ । नेपालबाट खेलाडीहरु वर्षेनी विदेशमा पलायन भइरहेको वर्तमान अवस्थामा सरकारले मुलुकमा खेलेर पनि बाँच्न सकिने अवस्था सुनिश्चित गर्ने यथोचित कार्यक्रम ल्याउन अब ढिलो गर्न नहुने महसुस गरिएको छ ।

नेपालमा अहिले विगतको तुलनामा क्रिकेटमा अहिले लगानी बढिरहेको छ । केन्द्रदेखि स्थानीय तहसम्म क्रिकेटमा गतिविधि बढदै गएकाले यस्तो वातावरण बन्दै गएको मान्न सकिन्छ । क्रिकेटप्रति बढ्दै गएको आकर्षणलाई अझ व्यवस्थित गर्न नेपाल क्रिकेट सङ्घलगायत विभिन्न तहका पदाधिकारीहरु लागिपर्नुपर्ने हुन्छ । नेपालमा यसवर्ष पनि थुप्रै विभिन्न घरेलु क्रिकेट प्रतियोगिता आयोजना हुँदैछ । यसैक्रममा नेपालमा व्यावसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा सफल मानिएको नेपाल प्रिमियर लिगको सिजन ३ को घोषणा छिटै गरिने भएको छ । व्यावसायिक क्रिकेटको विकासका लागि नै आगामी जेठ ९ गतेदेखि सुनसरीमा कोशी प्राइड लिग क्रिकेट प्रतियोगिता सुरु हँुदैछ । खेलाडीहरुको स्तर निर्धारण गरी पारिश्रमिक दिइने उक्त प्रतियोगिताको तेस्रो संस्करण निजी क्षेत्रको सक्रियतामा हुन लागेको हो । यसमा सहभागी प्रत्येक टिमले राष्ट्रिय टिमबाट तीन खेलाडीलाई खेलाउन पाउने नियम रहेको छ । नेपाल क्रिकेट सङ्घको यही वैशाख २७ र २८ गते विराटनगरमा आयोजना हुने वार्षिक साधारणसभाले सन् २०२६ को वार्षिक कार्ययोजना तथा बजेट पारित गर्दैछ । नेपालको क्रिकेटलाई समयोचित विकास गर्नका लागि स्कूलदेखि नै प्रशिक्षण सञ्चालन गर्नु जरुरी भइसकेको छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# राष्ट्रिय जलवायु परिवर्तन नीतिलाई कार्यान्वयनयोग्य बनाइनेः मन्त्री



**काठमाडौँ ।**
वन तथा वातावरणमन्त्री गीता चौधरीले 'राष्ट्रिय जलवायु परिवर्तन नीति, २०८२' लाई व्यावहारिक, वैज्ञानिक र कार्यान्वयनयोग्य बनाइने प्रतिवद्धता व्यक्त गरेको छ । वन तथा वातावरण मन्त्रालयद्वारा आयोजित राष्ट्रिय जलवायु परिवर्तन नीति तर्जुमासम्बन्धी कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री चौधरीले यस्तो बताएको हो । उनले राष्ट्रिय जलवायु परिवर्तन नीति केवल दस्ताबेजमा मात्र सिमित नराख्ने बताए । मन्त्री चौधरीले नेपालको हिमाल पग्लिने क्रम बढ्दो रहेको र यसले तल्लो तटीय क्षेत्रमा बाढी, जनधनको क्षति तथा पूर्वाधारमा गम्भीर असर पु¥याइरहेकोप्रति चिन्ता व्यक्त गरेकी छिन् । हरितगृह ग्यास उत्सर्जनमा नेपालको भूमिका नगण्य भएपनि जलवायु परिवर्तनको प्रत्यक्ष मार नेपालले नै खेपिरहनुपरेको उल्लेख गर्दै उहाँले अतिवृष्टि, लामो खडेरी, वन डढेलो र कृषि उत्पादनमा आएको ह्रासले खाद्य सुरक्षामा गम्भीर चुनौती थपिएको बताएकी छिन् ।
नयाँ नीतिले गरिब, दलित, आदिवासी जनजाति, महिला, अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिका समस्यालाई विशेष रूपमा सम्बोधन गर्ने मन्त्री चौधरीको भनाइ छ । वन क्षेत्रलाई जीविकोपार्जन र समृद्धिसँग जोड्नुपर्नेमा जोड दिँदै मन्त्री चौधरीले नेपालको ४६ प्रतिशत वन क्षेत्र र २४ प्रतिशत संरक्षित क्षेत्रलाई उपयोग गर्दै कार्बन व्यापार र पर्यापर्यटनका माध्यमबाट अर्थतन्त्रमा योगदान पु¥याइने बताएकी छिन् । वन क्षेत्रले केवल अक्सिजन मात्र नभई आयआर्जनको अवसर पनि प्रदान गर्नुपर्ने भन्दै उहाँले नीतिगत र कानूनी अड्चनहरू फुकाएर अगाडि बढ्ने जानकारी दिएकी छिन् ।
परम्परागत ज्ञान र आधुनिक प्रविधि (विशेष गरी एआईमा आधारित नवप्रवर्तन) बीच संयोजन गर्दै जलवायु अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा उनको जोड छ । साथै, जलवायु वित्तका लागि स्पष्ट रणनीति र पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै मन्त्री चौधरीले सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय हुनुपर्ने बताएकी छिन् ।
उनले भने, 'पहुँचभन्दा बाहिर रहेका र कुना–कन्दरामा रहेका सीमान्तकृत समुदायको आवश्यकतालाई सम्बोधन गर्नु नै यस नीतिको मुख्य लक्ष्य हुनेछ । हामीले धेरै कानून र नीतिहरू बनायौँ, तर कार्यान्वयन पक्ष फितलो रहँदा ती कागजमै सिमित भए । अब बन्ने नीतिलाई हामी कार्यान्वयनको तहमा लैजान सचेत छौँ ।'
नेपाल सन् २०२६ सम्ममा अल्पविकसितबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने क्रममा रहेको उल्लेख गर्दै मन्त्रीले विकास र वातावरणबीच सन्तुलन कायम गर्नु मुख्य चुनौती रहेको औँल्याए । पेरिस सम्झौता र राष्ट्रिय निर्धारित योगदान प्रतिवेदनअनुसार नेपालले आफ्ना लक्ष्यहरू पूरा गर्न प्रतिवद्ध रहेको र अन्तर्राष्ट्रिय मञ्चमा 'हिमालको आवाज' बुलन्द गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने उनले उद्घोष गर्दै गोष्ठीमा आएका सुझावहरूलाई समेटेर नीति परिमार्जन गरिने मन्त्री चौधरीले स्पष्ट पारेकी छिन् ।

# प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारितामा सञ्चारमन्त्रीको जोड



**काठमाडौं ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले प्रेस स्वतन्त्रता, व्यावसायिक पत्रकारिता र प्रविधिमैत्री सञ्चार अभ्यासलाई लोकतन्त्र सुदृढीकरणको आधार रहेको बताएका छन् ।
शितलनिवासमा बिहिबार आयोजित राष्ट्रिय पत्रकारिता दिवस २०८३ तथा पुरस्कार वितरण समारोहमा मन्तव्य राख्दै मन्त्री तिमिल्सिनाले पत्रकारिताको स्वतन्त्रता र मर्यादाको संरक्षणमा सरकार प्रतिबद्ध रहेको बताए ।
उनले पत्रकारितालाई राज्यको चौथो अङ्गका रूपमा सरकारले स्वीकार गरेको उल्लेख गर्दै स्वतन्त्र, निष्पक्ष र मर्यादित पत्रकारिता लोकतन्त्रको आधार भएको धारणा राखे । संविधानले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको भन्दै उनले सरकार प्रेसमाथि अंकुश लगाउने पक्षमा नरहेको स्पष्ट पारे ।
मन्त्री तिमिल्सिनाले स्वतन्त्रतासँगै जिम्मेवारी र उत्तरदायित्व आवश्यक रहने उल्लेख गर्दै तथ्य र सत्यमा आधारित पत्रकारिताले समाजलाई सही दिशा दिने बताए । यस वर्षको राष्ट्रिय पत्रकारिता दिवसको नारा 'सुशासनको आधार ः प्रविधिमैत्री जिम्मेवार पत्रकार' रहेको उल्लेख गर्दै उनले डिजिटल युगमा प्रविधियुक्त र जिम्मेवार पत्रकारिताको आवश्यकता झन् बढेको बताए ।
'विश्वव्यापी सूचना प्रविधिको विकाससँगै सूचना प्रवाहमा तीव्रता आएको भए पनि 'फेक न्यूज' र सामाजिक सञ्जालको दुरुपयोग चुनौतीका रूपमा देखिएको छ', मन्त्री तिमिल्सिनाले भने, 'यस्ता चुनौती कम गर्न तथ्य जाँचलाई पत्रकारिताको महत्त्वपूर्ण अङ्गका रूपमा विकास गर्नुपर्छ ।'
मन्त्री तिमिल्सिनाले सञ्चार माध्यमहरूको व्यावसायिकता र दिगोपन सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै विज्ञापन नीति २०८३ तर्जुमामार्फत सञ्चार क्षेत्रको हितमा नीतिगत व्यवस्था गर्न सरकार अघि बढेको जानकारी दिए ।
श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनप्रति सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले पत्रकारहरूको न्यूनतम पारिश्रमिक सुरक्षा र वृत्ति विकासका लागि थप प्रभावकारी कदम चालिने बताए ।
पत्रकारितालाई सामाजिक न्याय, सुशासन र समृद्धिको संवाहकका रूपमा व्याख्या गर्दै विकास, सुशासन र सामाजिक रूपान्तरणका विषय जनतासम्म पु¥आउन सञ्चार माध्यमको महत्त्वपूर्ण भूमिका रहने मन्त्री तिमिल्सिनाले बताए । उनले सञ्चारकर्मीलाई तथ्यमा आधारित र रचनात्मक आलोचना गर्न आग्रह गरे ।
मन्त्री तिमिल्सिनाले सरकारले सञ्चारसम्बन्धी विभिन्न कानुन निर्माणको प्रक्रिया अघि बढाएको जानकारी दिँदै पत्रकारिता क्षेत्रलाई थप व्यवस्थित, मर्यादित र आधुनिक बनाउने लक्ष्य रहेको बताए ।
वि.सं १९५८ वैशाख २४ गते 'गोरखापत्र' प्रकाशन सुरु भएको ऐतिहासिक दिनको स्मरणमा मनाइएको दिवसका अवसरमा उनले देश तथा विदेशमा रहेका सम्पूर्ण पत्रकार, सञ्चार गृह सञ्चालक र सञ्चारकर्मीलाई शुभकामना व्यक्त गरे ।
समारोहमा मन्त्री तिमिल्सिनाले 'राष्ट्रिय पत्रकारिता पुरस्कार २०८२' र 'वरिष्ठ पत्रकार सम्मान २०८२' बाट सम्मानित अग्रज तथा समकालीन पत्रकारहरूलाई बधाई दिँदै लोकतन्त्र, नागरिक स्वतन्त्रता र सत्यनिष्ठ पत्रकारिताका लागि पत्रकारहरूले पु¥याएको योगदानको राज्यले उच्च मूल्याङ्कन गरेको बताए । सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले जिम्मेवार तथा प्रविधिमैत्री पत्रकारिता सुशासनको आधार भएको बताइन् ।
प्रविधिको उच्चतम प्रयोग गर्दै जिम्मेवारीपूर्ण ढङ्गले नागरिकलाई सुशिक्षित गर्नु आजको आवश्यकता भएको उल्लेख गर्दै उनले प्रविधि आफैँमा साधन मात्र भएकाले त्यसको प्रयोग कसरी गरिन्छ भन्ने कुराले सुशासनको अवस्था निर्धारण गर्ने धारणा राखिन् ।
सामाजिक सञ्जाल र अनलाइन सञ्चारमाध्यमको बढ्दो प्रभावबीच सत्य सूचना ओझेलमा पर्न नहुने उल्लेख गर्दै सचिव बस्नेतले पारदर्शी समाज र जबाफदेही सरकार निर्माणमा प्रविधिमैत्री पत्रकारिताले पहरेदारको भूमिका निर्वाह गर्नुपर्ने बताइन् ।
लोकतन्त्रको सुदृढीकरण, सुशासन प्रवर्धन तथा नागरिकको सूचनाको हकको रक्षाका लागि मन्त्रालय सञ्चारमाध्यमसँग सहकार्य गर्न प्रतिबद्ध रहेको उनको भनाइ थियो ।
सचिव बस्नेतले सञ्चार क्षेत्रलाई थप व्यवस्थित, मर्यादित र प्रविधिमैत्री बनाउन नयाँ नीति तथा कानुनको तर्जुमा र परिमार्जनलाई प्राथमिकतामा राखिएको जानकारी दिइन् । पत्रकारको क्षमता अभिवृद्धि तथा प्रविधिमा पहुँच विस्तारका लागि मन्त्रालयले सहजीकरण गरिरहने पनि उनले बताइन् ।
कार्यक्रममा वरिष्ठ पत्रकार सम्मान चन्द्रकिशोर झा र नम्रता शर्मालाई प्रदान गरिएको छ । त्यसैगरी राष्ट्रिय पत्रकारिता पुरस्कार उमेश श्रेष्ठ, भोलाकुमार पासवान र रुपा गहतराजलाई प्रदान गरिएको थियो ।
सो अवसरमा नेपाल पत्रकार महासङ्घका कार्यवाहक अध्यक्ष दीपक आचार्यले नयाँ सरकार सुशासन, पारदर्शिता र नागरिकका अपेक्षा पूरा गर्ने दिशामा जिम्मेवार ढङ्गले अघि बढ्नुपर्ने आवश्यकता औँल्याए ।
उनले समाजको रूपान्तरणमा नागरिकको हक प्रत्याभूत गराउन जिम्मेवार, निष्पक्ष र तथ्यपरक पत्रकारिताको भूमिका महत्त्वपूर्ण रहने विश्वास व्यक्त गर्दै मिडियामैत्री कानुन निर्माण गर्न सरकारसँग आग्रह गरे ।

# जिम्मेवार प्रेसले लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउँछः राष्ट्रपति



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले जिम्मेवार प्रेसले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउने बताएका छन् । विभिन्न समयमा भएका जनआन्दोलन तथा सङ्घर्षमा नेपाली जनताले प्रकट गरेको सुशासन, विकास, प्रगति र आर्थिक समृद्धिको युगानुकूल चाहनालाई पूरा गर्ने अभियानमा नेपाली प्रेसले अझै प्रभावकारी ढङ्गले काम गर्ने उनले विश्वास व्यक्त गरे ।
सूचना तथा सञ्चार प्रविधि मन्त्रालयद्वारा बिहीबार आयोजित पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिकलगायत हरेक परिवर्तनमा नेपाली पत्रकारिता जगतले खेलेको भूमिका उल्लेखनीय रहँदै आएको स्मरण गरेका थिए । उनले भने, हाम्रो संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको हो । संविधानको यो मर्म र भावनाअनुसार पत्रकारलाई निर्भय तथा स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो । सत्यतथ्य समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित गर्नु जिम्मेवार प्रेसको धर्म हो । यसतर्फ नेपाली प्रेस सदैव सजग र चनाखो हुने नै छ भन्ने मैले विश्वास लिएको छु ।
राष्ट्रपति पौडेलले पत्रकारिता परिवर्तनको वाहक र राष्ट्र निर्माणको एउटा सशक्त तथा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै स्वतन्त्र, निष्पक्ष र तटस्थ पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य शर्त हो भने स्वतन्त्र र निष्पक्ष पत्रकारिताबिना लोकतन्त्रको कल्पना गर्न नसकिने स्पष्ट पारेका थिए । समाचार लेखेकै आधारमा पत्रकार असुरक्षित हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलले सुरक्षित र जोखिममुक्त वातावरणमा समाचार सङ्कलन तथा सम्प्रेषण गर्ने अवस्थाको सुनिश्चितातर्फ हामी सबैको ध्यान जान आवश्यक रहेको बताए । उनले श्रमजीवी पत्रकारको हकहित र सञ्चारगृहको आर्थिक दिगोपनका लागि सरकार र निजी क्षेत्र दुवैले समन्वय गर्न जरुरी रहेको बताए ।
सूचना प्रविधिको विकाससँगै बढ्दो सामाजिक सञ्जाल र नागरिक पत्रकारिताको प्रयोगले आधारहीन तथा मिथ्या सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्न सक्ने खतराको सामना गर्नु वर्तमान आमसञ्चारमाध्यमसामु थपिएको चुनौती रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यो चुनौतीको सामना गर्न नेपाली प्रेस सक्षम हुनेमा आफू विश्वस्त रहेको बताए ।

# जेनजीको रोजगारी माग मन्त्रालयमा दबाब, आश्वासनमै सीमित सरकारको स्वीकारोक्ति



**काठमाडौं ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रोजगारीको माग लिएर पुग्ने जेनजी युवालाई सरकारले ठोस रोजगारी दिन नसकेको स्वयं श्रममन्त्री रामजी यादवले स्वीकार गरेका छन् । प्रतिनिधिसभा अन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा बोल्दै उनले वर्तमान संरचना र बजेट सीमितताका कारण रोजगारी सुनिश्चित गर्न नसकिएको स्पष्ट पारे ।
मन्त्री यादवका अनुसार जेनजी आन्दोलनपछि घाइते भएका तथा अन्य युवा रोजगारी माग्दै मन्त्रालय धाउने क्रम बढे पनि सरकारले उनीहरूलाई तत्काल रोजगारी दिन सक्ने अवस्था छैन । दैनिक हजारौँ युवा रोजगारी माग्न आउँछन्, तर हामीसँग दिने क्षमता छैन, आश्वासन मात्र दिन सक्छौं, उनले बैठकमा भने । उनले मन्त्रालयको भूमिका प्रत्यक्ष रोजगारी सिर्जना गर्ने नभई सीप विकास र रोजगारसँग जोड्ने मध्यस्थीय कार्यमा सीमित रहेको प्रष्ट पारे । तर व्यवहारमा रोजगारी माग्ने चाप अत्यधिक बढिरहेको उनले बताए । मन्त्री यादवले आगामी आर्थिक वर्षमा घाइते युवालाई सीपमूलक तालिम दिने योजना समावेश गरिएको भए पनि त्यसले रोजगारीको ग्यारेन्टी गर्न नसक्ने बताए । उनका अनुसार राष्ट्रिय रोजगार कार्यक्रमको बजेट १३ अर्बबाट घटेर १ अर्ब २० करोडमा झरेको छ, जसले कार्यक्रमको प्रभावकारिता गम्भीर रूपमा प्रभावित पारेको छ ।
उनले थपे अनुसार हालको बजेट संरचनाअनुसार देशभर करिब १७ हजार जनालाई मात्र १०० दिनको अस्थायी रोजगारी दिन सकिने अवस्था छ । "यो संख्या आफैंमा अत्यन्त सानो हो, म आफैं सन्तुष्ट छैन," उनले स्वीकार गरे । बैठकमा उनले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई राष्ट्रिय रोजगार कार्यक्रमका रूपमा पुनः संरचना गरिएको भए पनि बजेट निरन्तर घट्दै गएको बताए । उनका अनुसार महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकामा विनियोजन हुने रकम अत्यन्त सीमित भएकाले स्थानीय तहबाट प्रभावकारी रोजगारी सिर्जना सम्भव छैन ।
मन्त्री यादवले आगामी वर्ष मन्त्रालयको बजेट अझै घट्ने संकेत गर्दै यसलाई सीपमूलक तालिम केन्द्रित मोडलमा रूपान्तरण गर्नुपर्ने विकल्पसमेत अघि सारे । तर त्यसका लागि पनि स्रोत अभाव मुख्य चुनौती रहेको उनको भनाइ थियो । उनको भनाइले सरकार रोजगारी सिर्जनाको अपेक्षामाथि संरचनागत र आर्थिक सीमितताका कारण दबाबमा रहेको स्पष्ट देखिएको छ । रासस

# २५ करोडसम्म स्थिर पुँजी भएका उद्योगको दर्ता र नियमन प्रदेशलाई हस्तान्तरण




**काठमाडौँ ।**
सरकारले औद्योगिक व्यवसाय दर्ता प्रक्रियामा रहेको दोहोरोपन हटाउँदै २५ करोड रुपैयाँसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगहरूको दर्ता र अभिलेख व्यवस्थापनको पूर्ण जिम्मेवारी प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ ।
उद्योग विभागले बुधबार एक सूचना जारी गर्दै अबदेखि २५ करोडसम्मको पुँजी भएका उद्योगहरू उद्योग विभागमा धाउनु नपर्ने र ती उद्योगको कार्य प्रदेश सरकार मातहतका कार्यालयबाटै हुने जानकारी दिएको हो ।
मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकले स्वीकृत गरेको 'शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ६६ मा उल्लेखित 'साना उद्योग दर्ता प्रक्रियामा रहेको दोहोरो अभ्यास अन्त्य गरी २५ करोडसम्मका उद्योगलाई एकीकृत रूपमा घरेलु तथा साना उद्योग कार्यालयमार्फत मात्र दर्ता गर्ने' व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको हो ।
यसअघि यस्ता उद्योगहरू केन्द्रस्थित उद्योग विभाग र प्रदेश मातहतका कार्यालय दुवैतिर प्रक्रियामा रहँदा उद्यमीहरूले झन्झट बेहोर्नु परेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको २०८३ वैशाख १० गतेको मन्त्रीस्तरीय निर्णयानुसार, हाल उद्योग विभागमा रहेका २५ करोडसम्मका स्वदेशी लगानीका उद्योगका अभिलेख फाइलहरू सम्बन्धित प्रदेशका उद्योग हेर्ने मन्त्रालयमार्फत जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरूमा पठाइने भएको छ । रासस

# आर्थिक गणनामा व्यावसायिक प्रतिष्ठानलाई सहभागी हुन आह्वान



**काठमाडौँ ।**
राष्ट्रिय तथ्याङ्क कार्यालयले सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आह्वान गरेको छ । आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार–व्यवसाय गर्ने संस्थालाई गणना प्रक्रियामा सहभागी हुन राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत आर्थिक गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले आग्रह गरेका छन् ।

मुलुकको आर्थिक गतिविधि प्रस्तुत गर्ने र आर्थिक नीतिनिर्माणमा आधार प्रदान गर्ने उद्देश्यले यही वैशाख २ देखि असार ७ गतेसम्म गणना कार्य जारी छ । उहाँका अनुसार गणनाका क्रममा व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैङ्क तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्याङ्क सङ्कलन गरिएको छ ।

व्यावसायिक रूपमा दर्ता भएका करिब चार लाख ८० हजार व्यापारिक संस्था हालसम्म उक्त आर्थिक गणनामा समावेश भएका छन् । यही वैशाख २२ गतेसम्म देशभर ३२ प्रतिशत आर्थिक गणना सम्पन्न भएको निर्देशक डा ढकालले बताए ।

विसं २०७५ मा पहिलोपटक गणना गरिएकामा यसपटक दोस्रो गणना भइरहेको छ । देशको वास्तविक आर्थिक अवस्था मापन गर्ने लक्ष्य राखिएको उक्त गणनाका लागि तीन हजार ९०६ गणक तथा ५२६ सुपरिवेक्षक खटिएका छन् । सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापार–व्यवसाय, र सेवा क्षेत्रलाई समेट्न गणकले देशभर स्थलगत विवरण सङ्कलन गरिरहेका छन् ।

सात हजार ४५३ व्यावसायिक प्रतिष्ठानले आफ्नो विवरण आफैँ ‘अनलाइन’बाट भर्ने प्रतिबद्धता जनाएका र तीमध्ये एक हजार ६१५ विवरण भरेर गणनामा सहभागिता भएका कार्यालयले जनाएको छ ।

देशको आर्थिक विकासका लागि महत्त्वपूर्ण तथ्याङ्क प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ । गणनालाई बढी भरपर्दो र विश्वासिलो बनाउन वडामा समेत समिति गठन गरिएको निर्देशक डा ढकालले बताएका छन् । रासस

# नेपाल उद्योग वाणिज्य महासङ्घको ‘छ स्तम्भ, साठी पहल’ सार्वजनिक



**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसिआई) ले ‘छ स्तम्भ, साठी पहल’ शीर्षकको रणनीतिक कार्यक्रम तथा कार्ययोजना सार्वजनिक गरेको छ । महासङ्घको ६०औँ वार्षिक साधारणसभाबाट निर्वाचित २१औँ अध्यक्ष श्रेष्ठको पद बहालीसँगै उक्त कार्यक्रम चरणबद्ध रूपमा कार्यान्वयनमा लैजाने निर्णय गरिएको महासंघले जनाएको छ ।

महासङ्घले निजी क्षेत्रको दीर्घकालीन हित, लगानीमैत्री वातावरण निर्माण तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम तयार गरिएको जनाएको छ । ‘छ स्तम्भ, साठी पहल’ कार्यक्रममार्फत निजी क्षेत्रको साझा आवाजलाई थप प्रभावकारी, विश्वसनीय र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ ।

अध्यक्ष श्रेष्ठका अनुसार कार्यक्रमअन्तर्गत प्रत्येक स्तम्भमा कार्यान्वयनयोग्य पहल, समय सीमा, जिम्मेवारी निर्धारण तथा अपेक्षित उपलब्धिसहितको विस्तृत कार्ययोजना तयार गरिएको छ । उहाँले महासङ्घको सेवा प्रवाह सुदृढीकरण, डिजिटल प्रणाली विकास, नीति पैरवीको प्रभावकारिता वृद्धि, सङ्घीय संरचनाअनुसार सदस्य संस्थासँग समन्वय, युवा उद्यमशीलता तथा नवप्रवर्तन प्रवद्र्धन, अन्तरराष्ट्रिय व्यापार विस्तार तथा आर्थिक कूटनीतिक सम्बन्ध मजबुत बनाउने बताए ।

महासङ्घले पहिलो स्तम्भअन्तर्गत सदस्यलाई प्रदान गरिने सेवा विस्तार तथा सञ्जाल सुदृढीकरणमा जोड दिएको छ ।

दोस्रो स्तम्भमा आर्थिक सुधार तथा सुशासनलाई प्राथमिकता दिएको छ । महासङ्घले सार्वजनिक नीति, अर्थतन्त्र, व्यापार तथा कानुन अनुसन्धान शाखा स्थापना गर्ने, कानुन डेस्क सञ्चालन गर्ने तथा बजेट र मौद्रिक नीतिमा निजी क्षेत्र केन्द्रित सुझावपत्र तयार गर्ने जनाएको छ ।

तेस्रो स्तम्भमा प्रतिस्पर्धात्मकता वृद्धि तथा औद्योगिक विस्तारमा केन्द्रित कार्यक्रम राखिएको छ । चौथो स्तम्भअन्तर्गत विकास साझेदारी, सीप विकास, महिला उद्यमशीलता, प्रवासी नेपालीको लगानी सहजीकरण तथा हरित वित्त र दिगो विकास लक्ष्यअनुरूप निजी क्षेत्र कार्यक्रम अघि बढाइने महासङ्घले जनाएको छ ।

पाँचौँ स्तम्भमा श्रम, सीप तथा उत्पादकत्व सुधारका कार्यक्रम समावेश छन् । छैटौँ स्तम्भमा निजी क्षेत्रको संरक्षण तथा प्रवद्र्धनलाई केन्द्रमा राखिएको छ ।

# पाकिस्तानविरुद्ध भारतको कडा सन्देश



**नयाँ दिल्ली ।**
भारत र पाकिस्तानबिच गत वर्ष भएको भीषण सैन्य तनावको एक वर्ष पूरा भएको अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आतङ्कवाद र त्यसलाई संरक्षण गर्ने सम्पूर्ण संरचनाविरुद्ध भारतको अभियान अझै कठोर रूपमा जारी रहने बताएका छन् । उनले भारत आफ्नो सुरक्षासम्बन्धी नीतिमा ‘पहिलेजस्तै अडिग’ रहेको स्पष्ट पार्दै पहलगाम आक्रमणका दोषीलाई जवाफ दिइएको दाबी गरेका छन् ।

गत वर्ष अप्रिल २२ मा भारत प्रशासित काश्मीरको पर्यटकीय क्षेत्र पहलगाममा भएको घातक आक्रमणपछि दुई आणविक शक्तिसम्पन्न छिमेकी मुलुकबिच सम्बन्ध तीव्र रूपमा बिग्रिएको थियो । उक्त घटनामा २६ जनाको मृत्यु भएको थियो, जसमध्ये अधिकांश हिन्दू पर्यटक थिए । भारतले आक्रमणमा पाकिस्तान समर्थित समूहको संलग्नता रहेको आरोप लगाएको थियो, तर इस्लामावादले त्यसलाई अस्वीकार गरेको थियो ।

त्यस घटनापछि नयाँदिल्ली र इस्लामाबादबिच कूटनीतिक तनावका साथै प्रत्यक्ष सैन्य टकरावसमेत बढेको थियो । भारतले मे ७, २०२५ मा पाकिस्तानभित्र रहेका ‘आतङ्कवादी शिविर’ माथि लक्षित सैन्य कारबाही गरेको घोषणा गरेपछि अवस्था अझ विस्फोटक बनेको थियो । त्यसपछि दुवै देशबिच हवाई आक्रमण, ड्रोन आक्रमण तथा सीमावर्ती क्षेत्रमा भारी मोर्टार प्रहार भएका थिए ।

भारतीय सेनाले सञ्चालन गरेको उक्त कारबाहीलाई ‘अपरेसन सिन्दूर’ नाम दिइएको थियो । बिहीबार सो अभियानको एक वर्ष पुगेको अवसरमा प्रधानमन्त्री मोदीले जारी गरेको वक्तव्यमा भारत आतङ्कवादविरुद्धको सङ्घर्षबाट पछि नहट्ने बताएका हुन् । ‘आतङ्कवादलाई परास्त गर्ने र त्यसलाई सहयोग गर्ने सम्पूर्ण इकोसिस्टम ध्वस्त पार्ने हाम्रो सङ्कल्प अझै दृढ छ’ उनले भने । मोदीले पहलगाममा मारिएका निर्दोष नागरिकको स्मरण गर्दै आक्रमणकारीलाई ‘उचित जवाफ’ दिइएको उल्लेख गरे ।

मोदी सरकारले ‘सिन्दूर’ शब्दलाई विशेष प्रतीकका रूपमा प्रयोग गरेको थियो । हिन्दू महिलाले विवाहपछि कपालमा लगाउने रातो रङको सिन्दूरलाई सरकारले पहलगाम आक्रमणमा श्रीमान् गुमाएका महिलाहरूको पीडासँग जोड्दै प्रतिशोध र राष्ट्रिय भावनाको प्रतीक बनाएको थियो ।

प्रधानमन्त्री मोदीले भारतीय सेनाको प्रशंसा गर्दै राष्ट्रले सैनिकहरूको ‘साहस र वीरता’ लाई सम्मान गर्ने बताए । उनले देशको सुरक्षामा कुनै सम्झौता नगर्ने प्रतिबद्धता दोहो¥याए । गत वर्षको चार दिने सैन्य तनावमा दुवै पक्षका ७० भन्दा बढी मानिस मारिएका थिए । पाकिस्तानले त्यस समयमा भारतीय वायुसेनाका पाँच लडाकू विमान खसालेको दाबी गरेको थियो । तीमध्ये तीनवटा अत्याधुनिक फ्रान्सेली राफेल विमान रहेको इस्लामाबादको भनाइ थियो । भारतले भने आफ्ना विमान क्षतिग्रस्त भएकोबारे कुनै औपचारिक पुष्टि गरेको छैन ।

दुवै देशबिच बढ्दो सैन्य तनाव अन्ततः मे १० मा युद्धविराममा पुगेर रोकिएको थियो । उक्त युद्धविरामबारे सबैभन्दा पहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो ‘ट्रुथ सोसल’ नेटवर्कमार्फत घोषणा गरेका थिए । त्यसको केही समयपछि भारत र पाकिस्तान दुवैले युद्धविरामको पुष्टि गरेका थिए । यद्यपि भारतले त्यसयता युद्धविराम अमेरिकाको मध्यस्थतामा नभई इस्लामाबादसँग प्रत्यक्ष संवादमार्फत भएको दाबी गर्दै आएको छ । नयादिल्लीले काश्मीर र सुरक्षा सम्बन्धी विषयलाई दुई देशबीचको द्विपक्षीय मुद्दाका रूपमा मात्रै हेर्नुपर्ने अडान दोहोर्याउँदै आएको छ । एक वर्षपछि पनि भारत–पाकिस्तान सम्बन्ध सामान्य बन्न सकेको छैन । सीमापार आतङ्कवाद, काश्मीर विवाद र सैन्य अविश्वासका कारण दुवै देशबीच तनाव कायम रहेको विश्लेषकहरूको भनाइ छ । मोदीको पछिल्लो वक्तव्यले भारतले सुरक्षा र आतङ्कवादको मुद्दामा आफ्नो कठोर नीति परिवर्तन नगर्ने स्पष्ट सङ्केत दिएको मानिएको छ ।

# धारापानीवासी कुटानीपिसानी गर्न पानीघट्टकै भर



**शुक्लाफाँटा ।**
शुक्लाफाँटा नगरपालिकाअन्तर्गत चुरे क्षेत्रको धारापानी गाउँका बासिन्दा अझै पनि परम्परागत पानी घट्टमा निर्भर छन् । यहाँ अन्न पिस्ने एक मात्र माध्यम यही घट्ट हो ।

यस वर्ष गाउँमा विद्युत्का तार टाँगिए पनि सेवा सञ्चालनमा आएको छैन । दैनिक आवश्यक पिठो जुटाउन स्थानीयहरू घट्टमै भर पर्न बाध्य छन् । पिसानी गरेबापत सेवाग्राहीले केही पिठो घट्ट सञ्चालकलाई दिने प्रचलन छ । यसले सञ्चालक परिवारको खाद्यान्न आवश्यकतामा टेवा पु¥याउँदै आएको छ ।

पचास वर्षीय साइमले धामीको ११ सदस्यीय परिवार पनि यही घट्टमा आश्रित छ । घट्ट धामी परिवारले चलाउदै आएका छन् । कुलो मर्मत गर्ने, घट्ट व्यवस्थापनको सम्पूर्ण कार्य धामीले गर्दै आएका छन् । ‘घट्ट सञ्चालन गरेवाफत प्राप्त हुने पिठोले करिब चार महिना पुग्छ, बाँकी समय पाखो जमिनको उत्पादनले धानिन्छ’, उनले भने ।

एक दशकअघि दार्चुलाको धुलीगडाबाट पहिरोका कारण विस्थापित भई आएको यो परिवार हाल धारापानी खोला नजिकैको जग्गा खरिद गरी बस्दै आएको छ । यसका अतिरिक्त धामी परिवारले सानो किराना र चियाको पसल पनि राखेका छन । त्यसबाट हुने आम्दानीले घर खर्च चलाउन सहज भएको उनी बताउँछन् ।

‘पहिले धारापानी घुम्न आउने आन्तरिक पर्यटको निकै चहलपहल हुन्थ्यो कमाइ पनि ठिकै थियो’, उनले भने, ‘सडक असुविधका कारण हाल थोरै मात्रै पर्यटक आउदा आम्दानी पनि थोरै हुने गरेको छ ।’ घरका युवाहरु भने कामकै खोजीमा भारततर्फ लागेको उनी बताउँछन् । स्थानीय जयलाल धामीका अनुसार धारापानी खोलाबाट ल्याइएको कुलोमा पानी कम हुँदा घट्टको गति सुस्त हुन्छ, जसका कारण दैनिक करिब १५ किलो मात्र अन्न पिस्न सकिन्छ ।

विसं २०४० देखि उहाँको परिवार यही क्षेत्रमा बस्दै आएको छ । गहुँ मकै लगायतका अन्न पिस्नका लागि एक मात्रै साधन घट्टनै रहेको छ, उनले भने, कुटानीपिसानी गर्ने मिलसम्म पुग्न झण्डै तीन किलोमिटर वन क्षेत्र छिचोल्नुपर्ने हुन्छ, सडक भरपर्दो नहुँदा पैदलनै हिँड्नुपर्ने भएकाले घट्टनै एक मात्रै कुटानी पिसानीको साधनका रुपमा रहेको छ ।

गाउँका युवाहरु सबै भारततर्फ कमाउनका गएकाले गाउँमा बूढापाकाहरु मात्रै भएकाले पनि घट्टमै भरपर्नुपरेको उनले बताए । उनका अनुसार, कसानी, बेलडाँगा, धारापानी, बर्रेगडा, कार्कीफाँटा र बागमारेका बासिन्दा पालैपालो यहाँ पुगेर पिठो पिस्ने गर्छन् । पिसानीको सट्टा आधा किलोदेखि एक किलोसम्म पिठो दिने चलनले सञ्चालकको जीविका धानिएको छ । चारैतिर जङ्गल र नदीले घेरिएको धारापानीमा हाल १४ परिवार बसोबास गर्दै आएका छन् ।

# इन्डोनेसियामा बस र ट्याङ्कर ठोक्किँदा १६ जनाको मृत्यु

**इन्डोनेसिया ।**
इन्डोनेसियाको सुमात्रा टापुस्थित ट्रान्स–सुमात्रा राजमार्गमा बुधबार यात्रुवाहक बस र इन्धन बोकेको तेल ट्याङ्कर एकआपसमा ठोक्किँदा भीषण आगलागी भएको छ । दुर्घटनामा कम्तीमा १६ जनाको ज्यान गएको छ भने चार जना घाइते भएका छन् । अधिकांश पीडित सवारीभित्रै च्यापिएर जलेका कारण उद्धार कार्य निकै कठिन बनेको अधिकारीहरूले बताएका छन् ।

दक्षिण सुमात्रा प्रान्तको उत्तरी मुसी रावास रिजन्सी क्षेत्रमा दिउँसो भएको उक्त दुर्घटनामा करिब २० जना यात्रु बोकेको अन्तरसहर बस पूर्ण रूपमा जलेर नष्ट भएको थियो । स्थानीय विपद् व्यवस्थापन एजेन्सीका अधिकारी मुगोनोका अनुसार बस दक्षिण सुमात्राको लुबुक्लिङ्गाउ सहरबाट जाम्बीतर्फ गइरहेको थियो । प्रारम्भिक अनुसन्धानले बसमा ठक्करअघि प्राविधिक समस्या देखिएको सङ्केत गरेको छ ।

मुगोनोका अनुसार बसबाट अचानक स्पार्क निस्किएको हुन सक्ने अनुमान गरिएको छ । सम्भावित ठूलो दुर्घटनाबाट बच्न चालकले बसलाई सडकको दायाँपट्टि मोड्ने प्रयास गरेका थिए । तर सोही समयमा विपरीत दिशाबाट तीव्र गतिमा आइरहेको तेल ट्याङ्कर ट्रकसँग बस सिधै ठोक्किन पुगेको थियो । ठक्कर अत्यन्त शक्तिशाली भएकाले केही क्षणमै दुवै सवारीमा आगो फैलिएको थियो । आगलागीले बस र ट्याङ्करलाई पूर्ण रूपमा ढाकेको थियो । धेरै यात्रु बाहिर निस्किन नपाउँदै आगोले घेरेपछि उनीहरू सवारीभित्रै फसेका थिए । दुर्घटनामा बस चालकसहित १३ जना यात्रु तथा ट्याङ्करका चालक र सहचालकको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । अधिकांश शव जलेको अवस्थामा भेटिएकाले पहिचान गर्नसमेत कठिनाइ भएको जनाइएको छ ।

दुर्घटनाबाट बाँचेका चार जना यात्रुलाई तत्काल नजिकैको स्वास्थ्य केन्द्रमा लगिएको थियो । घाइतेमध्ये तीन जनाको शरीर गम्भीर रूपमा जलेको छ भने एक जनालाई सामान्य चोट लागेको बताइएको छ । अधिकारीहरूका अनुसार बसको यात्रु सूची अझै पूर्ण रूपमा फेला परेको छैन । त्यसैले वास्तविक यात्रु सङ्ख्या र मृतकको अन्तिम विवरण सङ्कलन भइरहेको छ । घटनास्थलमा उद्धार टोली, विपद् व्यवस्थापन अधिकारी तथा ट्राफिक प्रहरी परिचालन गरिएको थियो ।

आगो नियन्त्रणमा लिन दमकलकर्मीहरूले लामो समय सङ्घर्ष गर्नुपरेको थियो । राष्ट्रिय खोज तथा उद्धार एजेन्सीले सार्वजनिक गरेका तस्वीर र भिडियोमा राजमार्गभरि बाक्लो कालो धुवाँ फैलिएको तथा आगोको ठूलो मुस्लो उठिरहेको देखिन्छ ।

बस र ट्याङ्करका जलेका भग्नावशेष सडकभरि छरिएका थिए भने मोडिएको फलाम र जलेका संरचनाले दुर्घटनाको भयावहता झल्काएको थियो । उद्धारकर्ताहरूले सवारीभित्र फसेका पीडितलाई निकाल्ने प्रयास गरे पनि आगो र क्षतिग्रस्त संरचनाका कारण काम जटिल बनेको थियो ।

दुर्घटनापछि ट्रान्स–सुमात्रा राजमार्गमा लामो समय यातायात अवरुद्ध भएको थियो । इन्डोनेसियामा कमजोर सडक पूर्वाधार, अपर्याप्त सुरक्षा मापदण्ड र तीव्र गतिका कारण सडक दुर्घटना बारम्बार हुने गरेका छन् ।

गत साता मात्रै राजधानी जकार्ताबाहिर एउटा रेलले ट्र्याकबीच अड्किएको ट्याक्सीमा ठोक्किएपछि रोकिएको यात्रुवाहक रेललाई अर्को लामो दूरीको रेलले ठक्कर दिएको थियो । त्यस घटनामा महिलाका लागि छुट्याइएको डब्बामा रहेका कम्तीमा १५ जना महिलाको मृत्यु भएको थियो ।

# हलेसी तुवाचुङ नगरपालिकाले विस्थापित नागरिकको आवास बनाउन सहयोग गर्ने




**खोटाङ ।**
खोटाङको हलेसी तुवाचुङ नगरपालिकाले काठमाडौँलगायत विभिन्न सहरबाट विस्थापित भएका नगरवासीलाई आवास निर्माणमा सहयोग गर्ने भएको छ ।
सङ्घीय सरकारले काठमाडौँ उपत्यका तथा अन्य जिल्लाका अतिक्रमित बस्तीका संरचना हटाउने अभियान सञ्चालन गरेपछि विस्थापित भएका नगरवासीलाई आफ्नै गाउँ फर्किएर बसोबास गर्न चाहेमा सहयोग गर्ने निर्णय गरेको हो ।
नगर कार्यपालिकाको बुधबार बसेको बैठकले आफ्नो गाउँ फर्किन इच्छुक नगर क्षेत्रका नागरिकलाई आफ्नै जग्गामा घर निर्माणमा सहयोग गर्ने निर्णय गरेको नगरप्रमुख विमला राईले जानकारी दिएकी छिन् । सरकारले देशभरका सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमणमुक्त बनाउने अभियान सञ्चालन गरेको छ, उनले भने, 'त्यस क्रममा विस्थापित भएका नगरवासीलाई सम्मानपूर्वक जीवनयापनका लागि आफ्नै ठाउँमा फर्कन आह्वान गरेका छौँ । जग्गा भए पनि बस्न घर नभएका परिवारलाई नगरपालिकाले आवास निर्माणमा सहयोग गर्नेछ ।'
नगर कार्यपालिकाले विस्थापित नगरवासीको लगत सङ्कलन गर्न उपप्रमुख रमेशकुमार राउतको संयोजकत्वमा समिति गठन गरेको छ । समितिले सूचना जारी गरी आवेदन आह्वान गर्ने र आफ्नो ठाउँमा फर्कन इच्छुक परिवारको पहिचान गरी आवास निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने निर्णय गरिएको नगरप्रमुख राईले जानकारी दिए ।
नगरका प्रवक्ता एवं वडा नं ७ का अध्यक्ष कमल गिरीका अनुसार आवास निर्माणका लागि प्रतिपरिवार रु पाँच लाख उपलब्ध गराइनेछ । यसैबीच, जिल्लाका १० वटा स्थानीय तहलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको विवरण तीन दिनभित्र पेस गर्न जिल्ला प्रशासन कार्यालयले परिपत्र गरेको छ । प्रशासकीय अधिकृत प्रभात ढकालले अतिक्रमित जग्गाको पहिचानसहित अतिक्रमण हटाउने योजनासमेत पेस गर्न भनिएको बताएका छन् ।
प्रमुख जिल्ला अधिकारी रेखा कँडेलका अनुसार गृह मन्त्रालयको वैशाख १६ गतेको निर्देशनका आधारमा उक्त विवरण मागिएको हो । अतिक्रमित जग्गा राज्यको स्वामित्वमा ल्याउन सरकारले पहल थालेको छ । लगत सङ्कलनपछि आवश्यक प्रक्रिया पूरा गरी अतिक्रमित संरचना हटाउनेछौँ, उनले भने । रासस

# घरमै राहदानी पुऱ्याउन तयार छन् 'हल्कारा'




**कञ्चनपुर ।**
दश दिनअघि जिल्ला प्रशासन कार्यालय कञ्चनपुर र जिल्ला हुलाक कार्यालयबीच राहदानी वितरण गर्नेसम्बन्धी सम्झौता भए अनुरुप सेवाग्राहीको घरमै राहदानी पु¥याउन 'हल्कारा' तयारी अवस्थामा छन् । हुलाक कार्यालयमा आएका चिठी, पत्रपत्रिका र पार्सल सम्बन्धित व्यक्तिको हातमा पु¥याउने श्रेणीविहीन कर्मचारीलाई 'हल्कारा' भनिन्छ ।
जिल्ला हुलाक कार्यालयले हुलाक सेवालाई आधुनिकीकरण गरी 'सरकारी कुरियर सेवा' सञ्चालन गरिरहेका बेला प्रशासन कार्यालयसितको सम्झौतामा आगामी दिनमा घरदैलोमै राहदानी चाहने सेवाग्राहीका लागि सहजता दिन तयारी गरिसकेको छ । जिल्ला हुलाक कार्यालय प्रमुख सरोज पाण्डेयले प्रशासन कार्यालयसितको सम्झौतापछि घरमै राहदानी पु¥याउने कामको प्रक्रिया सुरु भइसकेको जानकारी दिए ।
प्रशासनमा राहदानी फारमसँगै घरमै राहदानी चाहने सेवाग्राहीले ठेगानासहितको छुट्टै फारम सो प्रयोजनका लागि फारम भर्न थालिसकेका छन्, प्रमुख पाण्डेयले भने, अबको दुई सातापछि नयाँ राहदानी जिल्लामा पुग्नासाथ हुलाक कर्मचारी जिल्लाभर वितरण थाल्नेछन् । " उनले त्यसका लागि कञ्चनपुरका नौ वटै पालिकाका हुलाकका कर्मचारी तयारी अवस्थामा रहेका जानकारी दिए ।
हुलाकका हुलाकी, पत्र वितरक, डाक बाहक, हुलाकी प्रतिनिधि र हल्कारालगायत पदमा जिल्लाभर ५४ जना कर्मचारी छन्, उनले भने, प्राप्त भएको राहदानी सेवाग्राहीको घरसम्मै पु¥याउने काम हल्कारा (श्रेणीविहीन कर्मचारी)ले गर्नेछन् ।
दुई गाउँपालिका र सात नगरपालिका रहेको कञ्चनपुरमा सबै पालिकामा हुलाका कार्यालय मार्फत सेवा प्रदान भइरहेको छ । यहाँको कान्छो हुलाक कार्यालय लालझाडीमा स्थापना पछिल्लो समय भयो, उनले भने, अब सेवाग्राहीले राहदानी लिन कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य हुने विश्वास छ ।
सरकारको स्वीकृत १०० कार्यसूचीअन्तर्गत को बुँदा नं २७ मा उल्लेखित सरकारी सेवा घरमै उपलब्ध गराउने नीतिअनुसार यो सेवा कार्यान्वयनमा ल्याइएको जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले जनाएको छ । प्रशासन कार्यालयले पनि एक सूचना जारी गर्दै सेवाग्राहीको राहदानी घरमै पु¥याउने सेवा आरम्भ भइसकेको जानकारी दिएको छ ।

# खाँदबारी–किमाथाङ्का सडक: 'ट्र्याक' स्तरोन्नति



काठमाडौं ।
बहुप्रतिक्षित खाँदबारी–किमाथाङ्का सडक (१६२ किमी मध्ये १०. ८ किमी) मा 'ट्र्याक'खालेर आवश्यक स्थानमा स्तरोन्नति गरिएको छ ।
राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सो सडकले सङ्खुवासभाको उत्तरी क्षेत्रलाई जोड्छ । भौगोलिक रूपमा अति विकट र काम गर्न कठिन सो काम नेपाली सेनाले पूरा गरेको हो । उत्तर दक्षिण कोशी राजमार्गअन्तर्गत खाँदबारी–किमाथाङ्का सडक मध्ये १० .८ किमीमा ट्र्याक ओपन र आवश्यक स्थानमा स्तरोन्नति काम सम्पन्न भएको खाँदबारी–किमाथाङ्का सडक आयोजनाका प्रमुख शमशेर सिंहले जानकारी दिए । खाँदबारी– किमाथाङ्का सडकखण्डको १६२ किमी मध्ये १०.८ किमी सडक निर्माणको जिम्मा सेनाले पाएको थियो । कडा चट्टान र भौगोलिक विकटता भएका कारण सेनाले हेलिकप्टरमार्फत निर्माण सामग्री ढुवानी गरेर सडक निर्माणको काम गरेको हो । सेनाले यस वर्ष दुई किमी २१ दशमलव सडकखण्डको ट्र्याक खाल्ने काम गरेको छ । भने उक्त सडकखण्डको चार किलोमिटर ३१ दशमलव सडकको स्तरउन्नती गरेको आयोजना प्रमुख शमशेर सिंहले जानकारी दिए ।
उक्त सडक निर्माणको काम सम्पन्न गरेसँगै सेनाले उत्तर दक्षिण कोशी सडक आयोजनालाई हस्तान्तरण गर्ने तयारी गरेको छ । उत्तरी क्षेत्रमा पर्ने किमाथाङ्का नाका भौगोलिक हिसाबले दुर्गम क्षेत्र मानिन्छ । किमाथाङ्का हुँदै चीन जोड्ने कोशी राजमार्गअन्तर्गतको खाँदबारीदेखि किमाथाङ्का सडकखण्ड गत २०८१ माघ १४ गते 'ब्रेक थ्रु'समेत भइसकेको छ ।
खाँदबारी–किमाथाङ्का सडकखण्डमा गत वर्षसम्म छ किलोमिटर छ दशमलव सडक स्तरोन्नति गरिसकेको थियो । खाँदबारी–किमाथाङ्का सडक स्तरोन्नति गर्न रु सात करोड विनियोजन भएको थियो । यो वर्ष सेनाले 'ट्र्याक ओपन' र स्तरोन्नति भइसकेको सडकमा ठाउँठाउँमा खसेको पहिरोसमेत सेनाले हटाएको छ ।
किमाथाङ्का–जोगबनी खण्ड छिमेकी देश चीन–भारत जोड्ने सबैभन्दा छोटो सडकका रूपमा मानिन्छ । कडा चट्टान फोर्न विस्फोटक पदार्थ आवश्यक पर्ने भएकाले २०७६ भदौ २२ गतेको मन्त्रिपरिषद् बैठकले सेनालाई सडक निर्माणको जिम्मेवारी दिएको थियो । सडक निर्माणका लागि दैनिक १४० जनशक्ति परिचालन गरिएको थियो । किमाथाङ्का–जोगबनी सडकखण्ड सञ्चालन भएपछि कोशी प्रदेशका सखुवासभा, धनकुटा, तेह्रथुम, सुनसुरी, मोरङ, झापार भोजपुरवासी प्रत्यक्ष लाभान्वित हुनेछन् । सडक विस्तारसँगै यस क्षेत्रमा व्यापार, व्यवसाय पनि विस्तार हुने स्थानीयको अपेक्षा छ । सडक सञ्चालन भएसँगै सीमामा भन्सार कार्यालय स्थापना हुनुपर्ने स्थानीयको माग छ । खाँदबारी–किमाथाङ्का सडक निर्माणमा हालसम्म रु ६२ करोड ३६ लाख ६७ हजार खर्च भइसकेको आयोजना कार्यालयले जनाएको छ । रासस

# चितवन मेडिकल कलेजले काठमाडौँ र हेटौँडामा अस्पताल सञ्चालन गर्दै

**चितवन ।**
चितवन मेडिकल कलेज (सीएमसी)ले संघीय राजधानि काठमाडौँको तीनकुने र बागमती प्रदेश राजधानि मकवानपुरको हेटौँडामा अतिविशिष्टकृत सेवासहितका अस्पताल सञ्चालन गर्ने भएको छ । यसका लागि काठमाडौँमा अत्याधुनिक अस्पताल भवन निर्माणको अन्तिम चरणमा पुगेको छ भने हेटौँडामा भवन निर्माण गर्न हालै शिलान्यास गरिएको हो । चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रा. डा. हरिश्चन्द्र न्यौपानेले सीएमसी काठमाडौँको नामबाट आगामी दशैँको घटस्थापनादेखि अस्पताल सञ्चालन हुने जानकारी दिए । सत्र रोपनी जमिनमा १२ अर्बभन्दा बढी लगानी गरेर अस्पताल सञ्चालन गर्न लागिएको हो । सञ्चालनको सुरुआतमा नै भारतको मेदान्त अस्पतालले यसको व्यवस्थापन गर्ने उनको भनाइ छ । अस्पतालमा क्यान्सरसहित अतिविशिष्टिकृत सेवा हुनेछ । प्राडा न्यौपानेले भने, 'विश्वका सुविधासम्पन्न अस्पतालले दिन सक्ने सेवा यही दिने गरी ठूलो लगानीमा अत्याधुनिक उपकरणसहितको अस्पताल सञ्चालन गर्दैछौँ । सरकर उपचारका लागि विदेश जानुनपर्ने हाम्रो ध्येय रहने छ । ' तीन सय श्ययाको यस अस्पतालले प्रमुख रुपमा क्यान्सरको उपचार गर्ने छ भने यससँगै सबै खालका विशेषज्ञ सेवा अस्पतालले दिने छ । अनुभवी विशेषज्ञ चिकित्सकहरुले अस्पतालबाट सेवा दिने छन् ।
अस्पताल सञ्चालनमा आएसँगै भारतलगायतका देशहरु जाने बिरामीले सोहीअनुरुपको सेवा स्वदेशमा पाउने प्राडा न्यौपानेले जानकारी दिए । उनका अनुसार सिएमसी हेटौँडा अस्पतालको निर्माण थालिएको छ । हेटौँडा उपमहानगर पालिका–४ मा अवस्थित, राजमार्गसँगै १९ कट्ठा जमिनमा निर्माण थालिएको हो । रासस

# १८ सयभन्दा बढि अव्यवस्थित बसोबासीलाई पुर्जा दिइने




**इलाम ।**
सामाजिक सञ्जालमा 'अव्यवस्थित बसोबासी हटाइने' भन्ने हल्ला चलेपछि रोङ गाउँपालिकाले पुर्जा वितरणको काम अन्तिम चरणमा पुगेको जनाएको छ ।
गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बो ९सुवास०का अनुसार गाउँपालिकामा एक हजार ८५७ घरपरिवार अव्यवस्थित रहेकामा हालसम्म १५२ घरपरिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण सम्पन्न भइसकेको छ । बाँकीलाई पनि प्रमाणपत्र वितरणको काम अन्तिम चरणमा पुगेको छ ।
'रोङमा भूमिहीन दलित चार, भूमिहीन सुकुमवासी ६९ र एक हजार ७८४ अव्यवस्थित बसोबासी छन्,' अध्यक्ष स्याङ्बोले भने, 'वडा नं १ का १५२ घरपरिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण सकिएको छ ।
बाँकीको काम अन्तिम चरणमा छ । लगत संकलन, प्रमाणीकरण र नक्सांकनको कार्य सकिएको छ । त्यसैले अव्यवस्थित बसोबासी हटाइने भन्ने हल्ला निराधार हो ।
संघीय सरकारले भूमि आयोग विघटन गरेपछि नयाँ आयोग गठन प्रक्रियाका कारण केही ढिलाइ हुनसक्ने भन्दै गाउँपालिकाले प्रमाणपत्र पाउन बाँकी नागरिकलाई नआत्तिन आग्रह गरेको छ ।
'सामाजिक सञ्जालमा फैलिएको भ्रम गलत हो । प्रचलित कानुनबमोजिम जग्गाधनी प्रमाणपत्र वितरण कार्यले निरन्तरता पाउनेछ । मापदण्ड पुगेका ऐलानी तथा अन्य जग्गामा बसोबास गरिरहेका नागरिकलाई हटाउने वा संरचना भत्काउने कुनै योजना छैन । भ्रमपूर्ण प्रचारमा नलाग्न आग्रह छ,' गाउँपालिकाले एक सूचना जारी गरी आश्वस्त पारेको छ । अध्यक्ष स्याङ्बोले गाउँपालिका नागरिकको आवासको हकप्रति प्रतिबद्ध रहेको बताउँदै सामाजिक सञ्जालमा भनिएझैं घर भत्काउने हल्लाबाट त्रस्त नहुन आग्रह गरे ।

# ७९ स्थानीय तहमा एक चौथाइ दरबन्दी रिक्त




**कर्णाली ।**
भौगोलिक रूपमा विकट मानिने कर्णाली प्रदेशका ७९ स्थानीय तहमा एक चौथाइ कर्मचारी दरबन्दी रिक्त रहेको छ । सङ्घीय सरकारको स्वीकृत दरबन्दीअनुसार यहाँका ७९ स्थानीय तहमा एक चौथाइ दरबन्दी कर्मचारीविहीन रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश सुर्खेतले जनाएको छ ।
कूल पाँच हजार ६६० स्वीकृत दरबन्दी रहेकामा एक हजार ३६३ दरबन्दी रिक्त रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मीकुमार विकले जानकारी दिए । उनका अनुसार कूल दरबन्दीमध्ये चार हजार २९७ कर्मचारी कार्यरत छन् ।
सम्बन्धित पालिकाको पठाएको विवरणअनुसार शिक्षा सेवातर्फ पाँचौँदेखि नवौँ–दशौँ तहका १८३ स्वीकृत दरबन्दीमा १३२ पदपूर्ति र ५१ दरबन्दी रिक्त छन् ।
इञ्जिनियरिङ सेवातर्फ एक हजार ५५ स्वीकृत दरबन्दीमा ६३४ पदपूर्ति र ४२१ रिक्त रहेका छन् भने यो सेवामा नवौँ–दशौँ तहमा शून्य पदपूर्ति रहेका सचिव विकले बताए ।
उनका अनुसार प्रशासन सेवातर्फ एक हजार ५४१ स्वीकृत दरबन्दीमा एक हजार ६४ पदपूर्ति हुँदा ४७७ रिक्त छ । स्वास्थ्य सेवातर्फ एक हजार ८८४ स्वीकृत दरबन्दीमा एक हजार ७३२ पदपूर्ति र १५२ दरबन्दी रिक्त रहेका जनाइएको छ ।
कृषि सेवातर्फ ८१४ स्वीकृत दरबन्दीमा ५७७ पदपूर्ति र २३७ रिक्त छन् ।
विविध सेवातर्फ १८३ स्वीकृत दरबन्दीमा १५८ पदपूर्ति र २५ रिक्त रहेका कार्यालयका सचिव विकले जानकारी दिए ।
प्रदेशका ७९ स्थानीय तहमध्ये डोल्पाको डोल्पो बुद्ध गाउँपालिकामा ५३ दरबन्दीमाध्ये १५ जना मात्र कार्यरत छन् ।
वीरेन्द्रनगर नगरपालिका सुर्खेतको १०५ स्वीकृत दरबन्दीमा ११६ जना कार्यरत छन् । यो पालिकामा ११ जना कर्मचारी बढी रहेका कार्यालयका सचिव विकले बताए ।
डोल्पो बुद्धमा दरबन्दीअनुसार कर्मचारी नदेखिनुमा करारबाट काम चलेको हुनसक्ने भन्दै सचिव विकले मुख्यमन्त्री कार्यालयले अब सबै स्थानीय तहको रिक्त दरबन्दीको विवरण मागेर प्रदेश लोकसेवा आयोगमा पठाउने र रिक्त पद पूर्ति गर्ने जनाए ।

# हिमपातमा फसेका दुई भारतीय पर्यटकको सकुशल उद्धार

**मुस्ताङ ।**
हिमपातमा फसेका दुई भारतीय पदयात्रीको सकुशल उद्धार गरिएको छ । मनाङबाट थोरङपास गरी मुस्ताङतर्फ आउँदै गरेका उनीहरूको सेना र प्रहरीको संयुक्त टोलीले बुधबार साँझ सकुशल उद्धार गरेको हो ।
बुधबार मध्याह्न बारागुङ मुक्तिक्षेत्र–१ मुक्तिनाथ र थोरङलापास क्षेत्रमा हिमपात भएको थियो । भारतको केरला बस्ने २९ वर्षीय फानिक टोनी र ३० वर्षीय मित्र बिन्दु हिमपातका कारण बारागुङ मुक्तिक्षेत्र–२ स्थित चिसापानी भन्ने स्थानमा पदमार्ग पहिल्याउन नसकी अलपत्र परेका थिए । उनीहरूको बुधबार साँझ उक्त स्थानबाट सकुशल उद्धार गरिएको नेपाली सेनाको इन्द्रबक्स गणले जनाएको छ ।
यसअघि राउण्ड अन्नपूर्ण चर्कीय पदमार्गअन्तर्गत मनाङदेखि थोरङपास हुँदै मुस्ताङ प्रवेश गर्दै गरेका भारतीय दुई पदयात्री हिमपातका कारण पदमार्ग पहिल्याउन नसकी अलपत्र परेको सूचना भारतीय पदयात्री मित्र बिन्दुद्वारा जिल्ला प्रहरी कार्यालय मुस्ताङलाई जानकारी गराइएको थियो । संयुक्त उद्धार टोलीले हिमपात भइरहेको स्थान बारागुङ मुक्तिक्षेत्र–१ थोरङ्पासको तल्लो क्षेत्र ड्रम क्याम्पबाट साँझ करिब ८ बजे फेला पारी सकुशल उद्धार गरेको इन्द्रबक्स गणका प्रमुख सेनानी गौरवध्वज खाँडले जानकारी दिए ।

# एमआरपी विवाद अस्थायी रुपमा समाधान
# आयातित बस्तु भन्सार पास हुँदै भित्रिन थाल्यो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज लगायत मुलुकका सवै भन्सार कार्यालयहरूबाट आयातित वस्तु भन्सार पास हुँदै भित्रिन थालेको छ । वीरगंजमा मात्रै करिब २ हजार ट्रक रोकिँदा सरकार र निजी क्षेत्र दुवैलाई ठूलो घाटा पुगेको थियो । भन्सार बिन्दुमै अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य उल्लेख गर्नुपर्ने सरकारी निर्णयले सिर्जना गरेको अन्योल अन्ततः अस्थायी रूपमा समाधान भएको छ ।
सरकार र व्यवसायीबीच सहमति भएपछि वीरगंजसहित देशका प्रमुख भन्सार नाकाबाट रोकिएका मालवाहक ट्रकहरूको जाँचपास पुनः सुरु भएका छन् । एमआरपी विवादका कारण केही दिनदेखि वीरगंज भन्सारमा हजारौं मालवाहक सवारी रोकिँदा व्यापार, आपूर्ति र राजस्व संकलन प्रभावित भएको थियो ।
बुधबारदेखि भने भन्सार विभागले आयातकर्ताको स्वघोषणाका आधारमा सामान छुटाउने व्यवस्था लागू गरेपछि जाँचपास प्रक्रिया सहज बनेको हो । नयाँ सहमतिअनुसार व्यवसायीहरूले भन्सारमै वस्तुको एमआरपी घोषणा गर्नुपर्नेछ । त्यसपछि सामान आफ्नै गोदाममा लगेर लेबल टाँस्न पाइनेछ र बजारमा पठाउँदा मूल्य खुलाउनुपर्ने सर्त लागू हुनेछ । भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले एमआरपीसम्बन्धी समस्या तत्कालका लागि समाधान गरिएको जानकारी दिएका छन् । उनका अनुसार मातहतका सबै भन्सार कार्यालयलाई स्वघोषणाका आधारमा जाँचपास गर्न निर्देशन दिइएको छ ।

# नेकपाका नेता मनोज चौधरीलाई
# धरौटीमा रिहा गर्न उच्च अदालतको आदेश



**मधेशदृष्टि**
**वीरगंज ।**
उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य तथा नेता मनोज चौधरीलाई धरौटीमा रिहा गर्न आदेश दिएको छ ।
फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनका क्रममा पर्सा क्षेत्र नम्बर २ बाट नेकपाका उम्मेदवार रहेका चौधरीलाई निर्वाचनको दुई दिनअघि सवारीसाधनमा विस्फोटक पदार्थसहित पक्राउ गरिएको थियो । विस्फोटक पदार्थ तथा निर्वाचन सम्बन्धी कसुर मुद्दामा पुर्पक्षका लागि हाल वीरगंज कारागारमा रहेका चौधरीलाई उच्च अदालतले पर्सा जिल्ला अदालतको चैत १२ गतेको थुनामा पठाउने आदेश बदर गर्दै २ लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो ।
उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजका सूचना अधिकारी ध्रुव सुबेदीका अनुसार इजलास नम्बर १ का न्यायाधीश गोकर्ण डाँगी र दुर्गा प्रसाद ढुंगेलको संयुक्त इजलासले उक्त आदेश गरेको हो । त्यसै मुद्दामा संलग्न अन्य प्रतिवादी सत्यनारायण दास थारु र सुरज कार्कीको हकमा भने पर्सा जिल्ला अदालतकै आदेश सदर भएको छ । चौधरीको तर्फबाट अधिवक्ता रामचन्द्र सिंह र सुधिर कुमार कर्णले बहस गरेका थिए भने सरकारी पक्षबाट उपन्यायाधिवक्ता बुधिलाल श्रेष्ठले बहस गरेका थिए । यसअघि पर्सा जिल्ला अदालतले गत चैत १२ गते चौधरीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो भने अन्य तीन जनासँग धरौटी माग गरिएको थियो । उक्त आदेशमा असन्तुष्टि जनाउँदै चौधरी पक्ष उच्च अदालत पुगेको थियो ।
यसैबीच, चौधरीसँगै पक्राउ परेका पर्सागढी नगरपालिका–३ का सत्यनारायण दास थारु, धनुषाधाम नगरपालिका निवासी सुरज कार्की तथा सवारी चालक बाराको प्रसौनी गाउँपालिका–४ का सहाब आलम अन्सारीलाई जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश दिएको थियो ।

# आन्दोलनमा बालबालिकालाई प्रयोग नगर्न
# महोत्तरी प्रशासनको चेतावनी



**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्ला प्रशासन कार्यालय महोत्तरीले बालबालिकालाई राजनीतिक गतिविधि तथा आन्दोलनमा सहभागी नगराउन राजनीतिक दल, समूह तथा सरोकारवालालाई चेतावनी दिएको छ । प्रशासनले सार्वजनिक सूचना जारी गर्दै बन्द, हड्ताल, जुलुस, धर्ना, प्रदर्शन तथा चक्काजामजस्ता गतिविधिमा बालबालिकालाई प्रयोग नगर्न आग्रह गरेको हो ।
प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवद्वारा हस्ताक्षरित सूचनामा पछिल्लो समय विभिन्न राजनीतिक उद्देश्य पूरा गर्न बालबालिकालाई संगठित गरी सडक आन्दोलनमा उतार्ने प्रयास हुन सक्ने भन्दै प्रशासनले गम्भीर चासो व्यक्त गरेको उल्लेख छ ।
प्रशासनका अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकालाई राजनीतिक प्रयोजनका लागि प्रयोग गर्नु वा उनीहरूलाई त्यस्ता गतिविधिमा संलग्न गराउनु कानुनविपरीत मानेको छ । ऐनको दफा ६६ अनुसार यस्तो कार्य बालबालिकाविरुद्धको कसुरअन्तर्गत पर्ने उल्लेख गरिएको छ ।
जिल्ला प्रशासन कार्यालयले कुनै पनि दल वा समूहलाई आफ्नो राजनीतिक स्वार्थका लागि बालबालिकाको भविष्य, शिक्षा र मनोविज्ञानमाथि असर पर्ने गतिविधि नगर्न सचेत गराएको छ । सूचनाको उल्लंघन गर्दै बालबालिकालाई राजनीतिक आन्दोलन वा प्रदर्शनमा परिचालन गरेको पाइएमा सम्बन्धित व्यक्ति वा पक्षविरुद्ध प्रचलित कानुनअनुसार कडा कारबाही गरिने प्रशासनले जनाएको छ ।

# आइतबारको बिदा खारेज गर्न माग
## प्रशासन र महानगरलाई अभिभावक संघको ज्ञापनपत्र



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका अभिभावकहरूले विद्यालयमा लागू गरिएको आइतबारको बिदा खारेज गर्न माग गरेका छन् । अभिभावक संघ पर्साले बिहीबार जिल्ला प्रशासन कार्यालय पर्सा र वीरगंज महानगरपालिकामा ज्ञापनपत्र बुझाउँदै विद्यालय नियमित सञ्चालन गर्न आग्रह गरेको हो ।
संघका अध्यक्ष सन्दीप साह नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाल तथा वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाएको जनाएको छ । संघीय सरकारले सरकारी कार्यालयसँगै सामुदायिक तथा निजी विद्यालयमा पनि हप्तामा दुई दिन सार्वजनिक बिदा लागू गरेपछि पर्साका विद्यालयहरू शनिबार र आइतबार दुवै दिन बन्द हुँदै आएका छन् । तर, लगातार दुई दिन विद्यालय बन्द हुँदा विद्यार्थीहरूको अध्ययनमा नकारात्मक असर परेको अभिभावकहरूको भनाइ छ ।
अभिभावक संघका अनुसार अतिरिक्त बिदाका कारण पाठ्यक्रम समयमै सम्पन्न गर्न कठिनाइ भइरहेको छ भने शैक्षिक अनुशासन समेत कमजोर बन्दै गएको छ । अध्यक्ष साहले लामो बिदाले विद्यार्थीहरूमा अध्ययनप्रतिको रुचि घट्दै गएको र अधिकांश बालबालिका मोबाइल, टेलिभिजन तथा सामाजिक सञ्जालमा बढी समय बिताउन थालेको गुनासो बढेको बताए । संघले शिक्षा नियमावलीअनुसार विद्यालय वर्षमा कम्तीमा २२० दिन सञ्चालन हुनुपर्ने व्यवस्था स्मरण गराउँदै अनावश्यक बिदाले शैक्षिक गुणस्तरमा प्रत्यक्ष असर पारेको उल्लेख गरेको छ ।
विद्यार्थीहरूको नियमित पठनपाठन सुनिश्चित गर्न, सिकाइ वातावरणलाई प्रभावकारी बनाउन तथा बालबालिकालाई भविष्यप्रति जिम्मेवार बनाउन आइतबारको बिदा हटाउन आवश्यक रहेको अभिभावक संघको माग छ ।
ज्ञापनपत्र बुझाउन गएको टोलीमा संघका अध्यक्ष सन्दीप साहसँगै कोषाध्यक्ष कन्हैया पटेल, अरविन्द वर्णमाला, रविन्द्र गुप्ता, नरेन्द्र तिवारी, सुबोध यादव, हरेन्द्र तिवारी र धिरेन्द्र तिवारीलगायतको सहभागिता रहेको थियो ।

# सिरहाको बरियारपट्टी छोटी भन्सार बन्दको विरोधमा स्थानीय आन्दोलित



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारी निर्णयको विरोधमा स्थानीयवासी तथा व्यापारी आन्दोलनमा उत्रिएका छन् । आन्दोलनका कारण हुलाकीमार्ग अवरुद्ध हुँदा सवारी आवागमन प्रभावित बनेको छ ।
नेपाल सरकारले वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो । सो निर्णयप्रति असन्तुष्टि जनाउँदै स्थानीयवासीले बरियारपट्टी गाउँपालिका–३ स्थित बरियारपट्टी चोकमा प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीहरूले सडकको बीचभागमा बेन्च राखेर बिहान करिब ८:३० बजेदेखि हुलाकीमार्ग अवरुद्ध गरेका छन् । सडक बन्द भएपछि पूर्व–पश्चिमतर्फ चल्ने सवारी साधन प्रभावित भएका छन् ।
आन्दोलनरत पक्षले बरियारपट्टी छोटी भन्सार कार्यालय पुनः सञ्चालन गर्नुपर्ने माग गर्दै सरकारको निर्णय तत्काल फिर्ता लिन आग्रह गरेका छन् । स्थानीयका अनुसार भन्सार कार्यालय बन्द हुँदा सीमावर्ती क्षेत्रको व्यापार, राजस्व संकलन तथा स्थानीय आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्ने भएकाले आन्दोलन गर्नुपरेको हो ।
जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी तथा प्रवक्ता रमेशबहादुर पालले आन्दोलनकारीसँग वार्ता र समन्वय भइरहेको जानकारी दिएका छन् । उनका अनुसार अवरुद्ध सडक खुलाउने प्रयास जारी छ । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठक समेत घटनास्थलमा खटिएको जनाइएको छ ।
प्रदर्शनमा बजार व्यवस्थापन समिति अध्यक्ष अम्बेय कुमार यादव, सुखीपुर उद्योग व्यापार समिति सचिव सञ्जय कुमार यादव, वडा अध्यक्ष विनोद यादवलगायत स्थानीयवासीको सहभागिता रहेको थियो ।

# राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा अवरुद्ध



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्सामा राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा दुई दिनदेखि अवरुद्ध भएको छ ।
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (एनआईडीएमआईएस) को केन्द्रीय सर्भरमा आएको प्राविधिक समस्याका कारण सेवा प्रभावित भएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।
जिल्ला प्रशासन कार्यालयले बिहीबार सार्वजनिक सूचना जारी गर्दै सर्भरमा समस्या देखिएकाले पर्सासहित देशभरका जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा अवरुद्ध भएको जनाएको हो ।
प्रमुख जिल्ला अधिकारी भोला दाहालका अनुसार सूचना प्रणालीमा आएको प्राविधिक खराबीको मर्मत कार्य जारी रहेकाले हालसम्म सेवा पुनः सञ्चालन हुन सकेको छैन । विभागबाट सर्भर मर्मत सम्पन्न भएको जानकारी प्राप्त भएलगत्तै सेवा पुनः सुचारु गरिने प्रशासनले जनाएको छ ।

# आमा छोरा मृत फेला

**जनकपुरधाम ।**
धनुषा जिल्लाको धनुषाधाम नगरपालिका–७ किसानपुरमा एक महिलासहित उनका डेढ वर्षीय छोरा मृत अवस्थामा फेला परेका छन् । स्थानीयका अनुसार २३ वर्षीया बबिता साह आफ्नै घरको कोठाभित्र झुन्डिएको अवस्थामा भेटिएकी हुन् ।
त्यस्तै, उनका १८ महिनाका छोरा आरभ साह पूजा कोठामा मृत अवस्थामा फेला परेका छन् । बालकको घाँटीमा डोरीजस्तो डाम देखिएको स्थानीयले बताएका छन् । मृतक बबिताका श्रीमान रोजगारीका सिलसिलामा विदेशमा रहेका छन् । उनी केही समयअघि घर आएर करिब २० दिनअघि पुनः विदेश फर्किएको जानकारी स्थानीयले दिएका छन् ।
घटनाको सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय धनुषाधामबाट प्रहरी निरीक्षक राजेश शर्मा अधिकारीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले घटनास्थलको मुचुल्का तयार गरी शव परीक्षण तथा घटनाबारे थप अनुसन्धान प्रक्रिया अघि बढाइएको जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन